जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ८ अंक ३३, २०७६ साल पुस ४ गते शुक्रबार, नेपाल संवत् ११४० (Dec. 20, 2019) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

## श्रम रोजगार पत्रकार समूह गठन

काठमाडौं । श्रम तथा रोजगार बिटमा कार्यरत पत्रकारहरुको सक्रियतामा डिसेम्बर १८ अन्तर्राष्ट्रिय आप्रवासन दिवसको अवसर पारेर श्रम रोजगार पत्रकार समूह गठन भएको छ । देश परदेश डटकमका सम्पादक सुनिल न्यौपानेको अध्यक्षतामा ११ सदस्यीय समूह गठन भएको हो । समूहको उपाध्यक्षमा कान्तिपुर दैनिकका होम कार्की महासचिवमा राससका अशोक घिमिरे, सचिवमा साझा सवाल डटकमका बाँकी ८ पेजमा

## घट्दै रेमिट्यान्स

काठमाडौं । वैदेशिक रोजगारमा रहेका नेपालीहरुले घर पठाउने रकम (रेमिट्यान्स) घट्दै गएको नेपाल राष्ट्र बैंकले जनाएको छ । केन्द्रीय बैंकका अनुसार गत कात्तिकसम्म ३ खर्ब ४ अर्ब ९७ करोड रुपैयाँ रेमिट्यान्स नेपाल भित्रिएको छ ।


गत वर्ष सोही अवधिको तुलनामा रेमिट्यान्स २.३ प्रतिशतले घटेको हो । गत वर्ष कात्तिकसम्म ३ खर्ब १२ अर्ब २५ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो । खाडी मुलुकका राष्ट्रमा समस्या आएपछि रेमिट्यान्स घटेको जानकारहरु बताउँछन् । मलेसियामा १५ महिना नयाँ रोजगारी रोकिएको थियो भने बाँकी ८ पेजमा

# एमसीसी पारित गराउने तयारीमा सरकार

काठमाडौं । अमेरिकाले अगाडि सारेको इन्डोप्यासिफिक स्ट्राटेजी अर्थात् 'आइपीएस' मा नेपाल सहभागी हुनुहुँदैन भन्ने विषयमा सत्तारुढ दल डबल नेकपाभित्रै ठूलो बहस भइरहेको छ । नेकपाको स्थायी कमिटी बैठकमा यो विषयले प्रवेश मात्रै पाएन, मिलेनियम च्यालेन्ज कर्पोरेसन -एमसीसी) मा भएका कतिपय बुँदा र प्रावधान संशोधन गरिनुपर्ने आवाजसमेत उठेको छ । त्यसमा भएका कतिपय प्रावधानले अन्योल जन्माउन खोजेको र त्यसमा उल्लेख भएका शर्त र प्रावधानसहित जस्ताको तस्तै संसदबाट पारित भए दीर्घकालीन रुपमा सरकार र पार्टीलाई हित नगर्ने भन्ने स्थायी कमिटीका केही सदस्यहरुले आपत्ति जनाएका छन् । एसिया प्रशान्त क्षेत्रमा आफ्नो सैन्य प्रभाव विस्तार गर्न अमेरिकाले सञ्चालन गरिरहेको इन्डोप्यासिफिक रणनीति अन्तर्गतकै एमसीसीको परियोजनालाई आगामी संसद अधिवेशनबाट पारित गराउन सरकार लागिपरिहेको बेला नेकपा स्थायी कमिटी सदस्यहरु भीम रावल, देव गुरुङ, योगेश भट्टराई लगायतले विरोधका स्वरहरु सार्वजनिक गरेका छन् ।

साढे दुई वर्ष पहिले शेरबहादुर देउवा प्रधानमन्त्री भएका बेला नेपालले अमेरिकासँग मिलेनियम च्यालेन्ज कर्पोरेशन एमसीसीको ५० करोड अमेरिकी डलर लिने सम्झौता गरेको थियो । कांग्रेस नेता ज्ञानेन्द्रबहादुर कार्की अर्थमन्त्री भएको बेला यो परियोजनासम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो । प्रधानमन्त्री केपी ओली र परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले नेपाल आइपीएसमा सहभागी नहुने तर एमसीसीको सहयोग गर्ने भनिरहेका छन् र संघीय संसदबाट सम्झौता पारित गराउने तयारी गरिरहेका छन् । तर यथार्थ कुरा एमसीसी आईपीएसकै एक अंश हो । अमेरिकाले सन् २०१७ मा इन्डो प्यासिफिक रणनीति ल्याएपछि एमसीसीलाई त्यसैमा जोडेर अघि बढाइरहेको छ । यही कारण सत्तारुढ दलका केही नेताहरु यसलाई शंकाको दृष्टिले हेरिरहेका छन् । साथै एमसीसी परियोजनाका बुँदाहरुमा संशोधनको आवाज उठाइरहेका छन् ।

अमेरिकी राजदूत र्‍यान्डी डब्लु बेरीले एमसीसी सम्झौता कार्यान्वयनले नेपाल छिट्टै आर्थिक समृद्धिको बाटोमा जाने प्रतिक्रिया दिएका छन् । उनले एमसीसी परियोजना अन्तर्गतको सडक निर्माणले नेपाली जनताका निम्ति अति आवश्यक पूर्वाधार तयार गर्ने र ऊर्जा प्रसारण लाइनको विस्तारबाट आर्थिक समृद्धिको बाटो पहिल्याउन मद्दत पुग्ने भनेका छन् । यही प्रक्रियाबाट नेपालले



बाहिरि विश्वमा आफूलाई खुला व्यापारका लागि तयार भएको सन्देश दिन सक्छ' उनको भनाइ छ । राजदूत बेरीले सम्झौता नेपालको संसदबाट अनुमोदन हुनेमा आफू विश्वस्त रहेको समेत बताएका छन् ।

नेपाल सरकार र अमेरिकी सहयोग नियोग एमसीसीबीच विकास साझेदारीको यो परियोजनामा झन्डै ५५ अर्ब रुपैयाँ बजेट निर्धारण गरिएको छ । नेपाल र एमसीसीबीच २०७४ भदौ २९ मा मिलेनियम च्यालेन्ज कम्प्याक्ट (सम्झौता) मा अमेरिकी सरकारले ५ सय मिलियन अमेरिकी डलर अनुदानस्वरुप उपलब्ध गराउने भनिएको छ । यसमा नेपाल सरकारले १३० मिलियन अमेरिकी डलर रकम विनियोजन गर्नुपर्ने हुन्छ । रकम ऊर्जा र यातायातका पूर्वाधार विकासमा सम्झौता लागू भएको ५ वर्षमा परिचालन गरिसक्नुपर्ने छ । संघीय संसदले पारित गरेपछि मात्र परियोजना सम्झौता कार्यान्वयनमा आउँछ ।

एमसीसी अनुदान सहयोग सम्झौता अनुसार काठमाडौं उत्तरपूर्व अवस्थित लप्सीफेदीदेखि काठमाडौं पश्चिममा रहेको रातमाटेसम्म, रातमाटेदेखि हेटौंडासम्म, रातमाटेदेखि दमौली हुँदै बुटवलसम्म र बुटवलदेखि भारतको सिमानासम्ममा ४ सय केभी क्षमताका प्रसारण लाइन निर्माण गरिनेछ । रातमाटे, दमौली र बुटवलमा सबस्टेशन पनि निर्माण गर्ने भनिएको छ । यस्तै ३ सय ५ किलोमिटर सडकको स्तरोन्नति गरिने र यसमा मात्रै ५२ मिलियन अमेरिकी डलर खर्च गरिने सम्झौता छ । बुटवल गोरखपुर अन्तर्देशीय प्रसारण लाइन निर्माण पनि एमसीसी अनुदान परिचालन हुनेछ । यो सहयोग सम्झौता सन् २०१९ को अन्त्यबाट कार्यान्वयनमा आउने भनिएको थियो । पहिलो चरणमा ३६० मिलियन अमेरिकी डलर बराबरको रकम ३ सय किलोमिटर प्रसारण लाइन र ४ सय किलोवाट प्रसारण क्षमताको सबस्टेशन निर्माणमा खर्च गर्ने भनिएको छ । योजनामा थप प्राविधिक एवं क्षेत्रगत योजना कार्यान्वयनमा थप २२ मिलियन डलर सहयोग पनि सन् २०२२ मा पारित हुने एमसीसीको वाशिंगटनमा रहेको मुख्यालयले जनाएको छ ।

अमेरिकी सरकारले एमसीसी अन्तर्गत एसियादेखि अफ्रिकासम्मका झन्डै चार दर्जन मुलुकलाई सहयोग गरेको छ । दक्षिण एसियाली मुलुक श्रीलंकादेखि उत्तर अमेरिकी मुलुक ग्वाटेमालासम्मका लागि विकास साझेदारमा एमसीसी रहेको एमसीसी मुख्यालयका अधिकारीहरुको दाबी छ । नेपालको हकमा एमसीसी सम्झौताको अनुसूची १ मा परामर्श प्रक्रिया शीर्षकमा सम्झौतामा हुने प्रस्तावित लगानीका लागि व्यापक राजनीतिक समर्थन रहेको हुनुपर्ने बाँकी ८ पेजमा

## सचिवालयको हातमा शक्ति

एमसीसी सम्झौता पारित गर्ने वा नगर्ने सम्पूर्ण शक्ति नेकपाको सचिवालयसँग भएको एक स्थायी कमिटी सदस्यको भनाइ छ ।

स्थायी कमिटी बैठकमा केही सदस्यहरुले पारित गर्नु हुँदैन भन्ने धारणा राखे पनि सचिवालयले चाहेको खण्डमा पारित गर्न धेरै गाह्रो नपर्ने ती सदस्यले बताए ।

स्थायी कमिटीमा विपक्षमा धारणा आए पनि भोटिङ हुँदैन, सचिवालयले चाहेको अवस्थामा हिउँदे अधिवेशनमा पारित हुन सक्छ- ती सदस्यले भने । २०७४ भदौ २९ मा हस्ताक्षर भएको एमसीसीलाई गत असार ३० मा अनुमोदनका लागि संसदमा दर्ता गरिएको थियो तर वर्षे अधिवेशनमा पारित हुने अवस्था नभएपछि हिउँदे अधिवेशनबाट पारित गर्ने रणनीति सरकारले लिएको छ ।

सम्झौता पारित नभएको भन्दै अमेरिकाले पनि गहिरो चासो व्यक्त गरिरहेको छ । केही समयअघि अमेरिकी राजदूत रेन्डी बेरीले प्रधानमन्त्री केपी ओली विपक्षी दलका नेता शेरबहादुर देउवा नेकपा अध्यक्ष पुष्पकमल दाहाल पूर्वप्रधानमन्त्रीहरु माधवकुमार नेपाल, झलनाथ खनाल र बाबुराम भट्टराईलाई भेटेरै सम्झौतालाई संसदबाट अनुमोदन गराउनु भनेका थिए ।

## सन् २०१९ मा धेरै पत्रकार मारिए

सन् २०१९ मा संसारभर ४९ जना पत्रकारको हत्या भएको विवरण सार्वजनिक गरिएको छ ।

'रिपोर्टर्स विदाउट बोर्डर्स' ले मंगलबार सार्वजनिक गरेको प्रतिवेदनमा हत्या हुने पत्रकारको संख्या गत १६ वर्षयताको सबैभन्दा कम हो । हत्या गरिएका पत्रकारहरुको संख्यामा ऐतिहासिक रुपमा कमी आएको रिपोर्टर्स विदाउट बोर्डर्स प्रतिवेदनमा उल्लेख छ ।

विशेष गरी द्वन्द्व जारी मुलुक यमन, सिरिया र अफगानिस्तान पत्रकारको हत्याका घटनामा कमी आएको देखिएको छ । पेरिसमा कार्यालय रहेको पत्रकारितासम्बन्धी अध्ययन अनुसन्धान गर्ने संस्थाले पत्रकारिता अझै पनि जोखिमपूर्ण पेसाको रुपमा रहेको जनाएको छ ।

एक वर्षमा ८० पत्रकारले जीवन गुमाउनु पछिल्ला दुई दशकको औसत संख्या भएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

संस्थाका प्रमुख क्रिस्टोफ डेलोइरले मेक्सिकोमा मात्रै यो वर्ष १० पत्रकारको हत्या हुनुले अझै पनि चिन्ताजनक अवस्थालाई झल्काउने बताए ।

ल्याटिन अमेरिकामा १४ पत्रकार मारिएको उनले बताए । उनले द्वन्द्वग्रस्त लोकतान्त्रिक शासन व्यवस्था भएको देशहरुमा पत्रकारिता गरेकै कारण पत्रकार मारिनुले लोकतन्त्रलाई चुनौती थपेको बताए ।

सन् २०१९ भरि ३८९ पत्रकारलाई बन्धक बनाइएको र त्यो संख्या अघिल्लो वर्षको तुलनामा १२ प्रतिशत बढी भएको पनि संस्थाले जनाएको छ । तीमध्ये आधा जति पत्रकार चीन, इजिप्ट र साउदी अरब गरी बाँकी ८ पेजमा

## निरन्तर बैठकमा नेकपा माले


काठमाडौं । नयाँ शिराबाट राजनीतिक गतिविधि अघि बढाएर पार्टी सुदृढीकरण गर्ने अभियानमा जुटिरहेको नेकपा माले अहिले नौ दिन अगाडिबाट बैठकमा व्यस्त बन्दै आएको छ । मालेको स्थायी समिति र पोलिटब्युरोको बैठक सम्पन्न भइसकेको छ भने पुस ४,५ र ६ गते केन्द्रीय कमिटीको बैठक सञ्चालन हुने जानकारी प्राप्त भएको छ । नेकपा मालेको केन्द्रीय तहका बैठकहरुमा संगठन विस्तार, सुदृढीकरण तथा विगतका गतिविधिहरुको समीक्षा गर्दै भावी कार्ययोजनाको तयारी गरिनेछ ।

नेकपा मालेको सम्पन्न स्थायी समिति तथा पोलिटब्युरोको बैठकले २०७६ साल चैत मसान्तभित्र राष्ट्रिय परिषद्को अधिवेशन गर्ने निर्णय गरेको छ । त्यसैगरी २०७७ साल चैतभित्र पार्टीको महाधिवेशन गर्ने निर्णय समेत बाँकी ८ पेजमा

# सीमा विवाद टुंग्याउन भारत अनिच्छुक

काठमाडौं । भारतले २ नोभेम्बर २०१९ मा नेपाली भूभाग लिम्पियाधुरा, कालापानी र लिपुलेक समावेश गरी नयाँ राजनीतिक नक्सा सार्वजनिक गरेपछि उत्पन्न सीमा विवाद अन्त्यका लागि अझै कूटनीतिक पहल हुन सकेको छैन । सरकारले एक महिनाअघि सीमाका विषयमा दिल्लीस्थित नेपाली दूतावासमार्फत भारतीय विदेश मन्त्रालयलाई थर्ड पर्सन डिप्लोम्याटिक नोट (कूटनीतिक पत्र) पठाए पनि त्यसको जवाफ भारतले दिएको छैन । सीमा विवाद परराष्ट्र सचिवस्तरीय संयन्त्रले टुंग्याउने भनिए पनि परराष्ट्र सचिव शंकर बैरागीले बैठकका लागि भारतीय विदेश मन्त्रालयसँग कूटनीतिक पहल अझै गरेका छैनन् । यही कारण कालापानी प्रकरण सेलाउँदै जादैछ ।

भारतले सीमा विवाद सुल्झाउन तत्काल विदेश सचिवस्तरीय बैठकका लागि उदासीन देखिएको छ । भारतमा यतिबेला नागरिकता संशोधन विषयमा




आन्दोलन चर्किरहेको छ । नेतृत्व राजनीतिक मामिलामा केन्द्रित हुनु परेको, विदेश सचिव परिवर्तन भएको र भारतीय राजदूत मन्जिव सिंह पुरीको कार्यकाल सकिन लागेको कारण देखाउँदै तत्काल सचिवस्तरीय वार्ता अघि नबढ्ने संकेत भारतले गरेको छ । भारतीय विदेश सचिव विजय गोखलेको कार्यकाल डेढ महिनापछि र नेपालका लागि भारतीय राजदूत पुरीको कार्यकाल दुई सातापछि सकिँदैछ ।

सीमा सुरक्षा बाँकी ८ पेजमा

## निर्यात घटेपनि व्यापारघाटा उस्तै

काठमाडौं । चालु आव ०७६।०७७ को ४ महिना अर्थात् साउनदेखि कात्तिकसम्म कुल निर्यात २३.९ प्रतिशतले वृद्धि भई ३६ अर्ब २८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ११ प्रतिशतले वृद्धि भएको हो । गन्तव्यका आधारमा भारततर्फ ४५.६ प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीनतर्फ निर्यात ६ प्रतिशत र अन्य मुलुकतर्फ ४.६ प्रतिशतले कमी आएको छ । वस्तुगत आधारमा पामतेल, अलैची, धागो, जुट सामान, आयुर्वेदिक औषधि लगायत वस्तुको निर्यात बढेको छ जस्तापाता, तार, तयारी पोसाक, जुस, ऊनी गलैंचा लगायतको निर्यात घटेको छ ।

नेपाल राष्ट्रबैंकले बुधबार सार्वजनिक गरेको तथ्यांकअनुसार ४ महिनामा कुल वस्तु आयात ६.९ प्रतिशतले घटेर ४५० अर्ब ३० करोड कायम भएको छ । अघिल्लो बाँकी ८ पेजमा

## फौजदारी अपराधमा कानुन कार्यान्वयन

काठमाडौं । अपराध अनुसन्धान र अभियोजनका क्षेत्रमा सुधारका लागि साझा धारणा बनाउने उद्देश्यले नेपालका अनुसन्धानकर्ता, प्रहरी र अभियोजनकर्ता सरकारी वकिलहरुको दोस्रो राष्ट्रिय सम्मेलन काठमाडौंमा हुँदैछ ।

मुलुकी अपराधसंहिता लगायतका नयाँ फौजदारी कानुनहरु कार्यान्वयनका क्रममा देखिएका जटिलता समाधान गर्ने उपायको खोजी गर्न आज पुस ४ गतेदेखि पर्सि ६ गतेसम्म सम्मेलन आयोजना हुन लागेको हो ।

मुलुकी अपराधसंहिता लगायतका नयाँ फौजदारी कानुनहरु कार्यान्वयनमा आएको बेला अनुसन्धानकर्ता र अभियोजनकर्ताहरुलाई एकैथलोमा राखेर छलफल गर्ने उद्देश्य सम्मेलनले लिएको छ । महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयको संयुक्त आयोजनामा बाँकी ८ पेजमा

समय सन्दर्भ



## मैले देखेको नेपाली सेना

■ पूर्ण ओली

संगठित हुँदै गएको नेपाली सेनाको इतिहास गौरवपूर्ण रहेको छ । नेपाली सेनाको वीरता र बलिदानले गर्दा हामी सबै 'नेपाली र गोर्खाली' भनेर गौरव गर्न पाएका छौं । नालापानी, काँगडा तथा सिन्धुलीगढी जस्ता किल्लाहरुमा अंग्रेजी फौजको विरोधमा प्रतिरक्षात्मक कारबाहीमा वीरता प्रदर्शन गरेको मात्रै होइन, परेको बेलामा देशको हितका लागि नेपाली सेना आक्रामक कारबाही गर्न पनि पछि पर्दैन भन्ने उदाहरण नेपाल-भोट युद्धमा तिब्बतको लाससासम्म पुगेको कुरा इतिहासमा प्रमाणित भएको छ ।

नेपाली सेनाले जहिले पनि सवैधानिक सरकारको नीति निर्देशनलाई अंगिकार गर्दै आफ्नो कर्तव्य निर्वाह गर्दै आएको छ । यसका अनुशासित, मर्यादित, इमानदार सकलदर्जाहरुले आफ्नो कमाण्डरको आदेशलाई जहिले पनि सिरोपर गरेका छन् । सीमित साधन र स्रोतलाई उपयोग गर्दै देश विदेशमा इमानदारीपूर्वक आफ्नो कर्तव्य निर्वाह गर्न नेपाली सेना कहीं पनि चुकेको र झुकेको छैन । संयुक्त राष्ट्रसंघले दिएको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरेर नेपालको छवि विश्वमै उच्च राखेको छ ।

शासकहरुले यदाकदा यसको इमानदारी र बफादारीको फाइदा उठाउँदै कहिलेकाहीं दुरुपयोग नगरेका भने होइनन् । राणाहरुको समयमा पनि यसको दुरुपयोग गरी धेरै राष्ट्रवादी व्यक्तिहरुको कोतपर्व लगायतका अन्य पर्वहरुमा हत्या गराएका थिए । शाहवंशका केही अदूरदर्शी, स्वार्थी राजाहरुले दरबारिया षड्यन्त्र गरी एक अर्काबाट सत्ता हत्याउने क्रममा पनि विभिन्न व्यक्तित्वको हत्या गराइएको इतिहास छ ।

पछिल्लो अवस्थामा भने राजाहरुबाट सेनाको उपयोग मात्र गरियो । यसको पूर्वाधार विकासमा चासो देखाइएन । फलत: सेनाले कुनै उपलब्धि प्राप्त गर्न सकेन । बरु सेनाको आडमा सत्तालाई आफ्नो पकडमा राख्ने प्रयास मात्र गरेको देखियो ।

देशमा एकदशक लामो प्रतिविद्रोहको कारबाहीमा होमिएको नेपाली सेना संयमित, मर्यादित, परिपक्व र अग्रणी स्थान लिन सफल भएको छ । फलस्वरुप परिवर्तित राजनीतिक पृष्ठभूमिभित्र इतिहासको नयाँ कालखण्डमा नेपाल उभिन सफल भएको छ ।

तत्कालीन चिफसाहेबहरुले दह्रो अडान लिन नसक्दा वा राजाको अगाडि नतमस्तक बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

**आजीवन सल्लाहकार**
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, श्री सुष्मा वज्राचार्य, ईं. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# वैदेशिक रोजगारमा सुरक्षा चुनौती


नेपालको अर्थतन्त्र र बेरोजगारी समस्यामा बलियो. टेवाको रूपमा रहेको वैदेशिक रोजगारमा सुरक्षा चुनौती दिनानुदिन बढिरहेको छ । खासगरी विदेशका विभिन्न मुलुकमा कार्यरत नेपाली श्रमिकहरू दुर्घटना तथा विभिन्न कारणले मर्ने क्रम वृद्धि भइरहेको छ । धन कमाउन प्रदेश गएका नेपाली युवा प्लाइउडको बाकसमा प्याक भएर मालसामान जसरी फिर्ता हुनुको पीडाले विमानस्थलमा दिनहुँ रूवाबासी हुने गरेको छ । एक तथ्यांक अनुसार ५ वर्षको अवधिमा ४१५३ नेपालीले विदेशी भूमिमा ज्यान गुमाइसकेका छन् । वैदेशिक रोजगारमै गएका ३८८ जना उतै बेपत्ता भएका छन् । यो कहालिलाग्दो वैदेशिक रोजगारको अवस्थालाई रेमिट्यान्सको हिसाबकिताबमा मख्ख पर्ने सरकारले सम्बोधन गर्न सक्ने कुनै हैसियत देखिँदैन ।

नेपाली युवा रोजगारको खोजीमा विदेशिन लागेको लामो समय भइसक्यो । राणाकालमै सुरू भएको गोर्खा भर्ती र धन कमाउन आसाम, बर्मा छिर्ने नेपालीहरू अहिले विश्वका कुनाकाप्चामा पुगिसकेका छन् । सर्वसाधारण नेपालीको पहुँच हुने र कामको जोखिम पनि उत्तिकै रहने खाडी मुलुकहरू मलेसिया लगायतका ठाउँमा नेपालीहरू ठूलो संख्यामा रहेका छन् । नेपालीहरूको जोखिमपूर्ण अवस्था पनि खाडी र मलेसियामै बढी रहेको छ । दुर्घटनामा मर्ने, अत्यधिक गर्मीका कारण मर्ने, कोठामा सुतेकै ठाउँमा हृदयघातका कारण मर्ने जस्ता समस्या धेरै छन् । दुर्घटनामा परेर अचेत अवस्था अथवा कोमामा पुगेका कतिपय युवाहरू वर्षौंदेखि विदेशकै अस्पतालमा रहेका छन् । यसरी कोमामा रहनेको संख्या २५ जना रहेको छ ।

वैदेशिक रोजगारमा विभिन्न मुलुक पुगेका नेपालीहरूमा ५४५ जनाले जेलमा बन्दी जीवन बिताइरहेका छन् भने २५ जनाले मृत्युदण्डको सजाय समेत पाएका छन् । वैदेशिक रोजगारको नाममा दलालहरूले ठगेर अलपत्र पार्दै घरबारबिहीन बन्नेको संख्या पनि ठूलो छ । वैदेशिक रोजगारको क्षेत्रमा बढिरहेको असुरक्षाप्रति सरकारले गम्भीर चासो लिएको देखिँदैन ।

लोकतान्त्रिक गणतन्त्रको पुनःस्थापनापछि मुलुकभित्रै युवाहरूलाई रोजगारी प्रदान गरेर वैदेशिक रोजगारमा जानुपर्ने बाध्यताको अन्त्य गर्ने उद्घोष अहिले सत्ता र प्रतिपक्षमा रहेका नेताहरूले गरेका थिए । तर  मुलुकमा राजनीतिक परिवर्तनले डेढ दशक पार गर्न लाग्दा पनि बेरोजगारी समस्याको सम्बोधन हुन सकेको छैन । अहिले पनि विभिन्न नाकाहरूबाट भारततर्फ जाने र त्रिभुवन विमानस्थलबाट विदेश जाने युवाहरूको लाम दिन प्रतिदिन असफल भएको सरकारले विदेशिने युवाहरूलाई असुरक्षाबाट बचाउन विभिन्न खाले तालिम, प्रशिक्षण भने दिन सक्छ । अभिमुखीकरण तालिमको नाममा अहिले पनि प्रमाणपत्र बेचेर कमिशन खाने काम त चलि नै रहेको छ । प्रभावहीन अभिमुखीकरण तालिमलाई प्रभावकारी बनाएर लगेको खण्डमा र दक्ष श्रमिकलाई मात्र वैदेशिक रोजगारमा जान दिने हो भने पनि विदेशी भूमिमा हुने अहिलेको कहालिलाग्दो मृत्युदर कम गर्न सकिन्छ । वैदेशिक रोजगारलाई सुरक्षित बनाउनेतर्फ सरकारका सम्बन्धित निकायहरूको समन्वयमा प्रभावकारी कदम चाल्न आवश्यक छ ।

# राजा महेन्द्रलाई के भन्ने ? राष्ट्रवादी ?



**सुरेन्द्र ढकाल**



नेपाललाई संयुक्त राष्ट्रसंघमा सदस्यता दिलाउने को ? नेपाललाई अन्तर्राष्ट्रिय जगतमा चिनाउने को ? पूर्वपश्चिम राजमार्ग निर्माण थाल्ने को ? कोदारी राजमार्ग निर्माण गरी चिनसँग स्थल यातायात जोड्ने को ? आधुनिक नेपालका निर्माता को ? नेपालको उत्तरी सीमाबाट भारतीय चेकपोस्टहरु हटाउने को ? यी सबैको एउटै जवाफ हुन्छ राजा महेन्द्र । तर त्यही राजा महेन्द्रले भारतसँग गोप्य सन्धि गरी आफ्नो हैसियतलाई भुटानका राजा जिग्मेको हैसियतमा झार्ने अनि नेपाललाई भारतको सुरक्षा छाताभित्र लगेर राख्ने जस्ता राष्ट्रघाती काम किन गर्न परेको रहेछ ? कारण स्पष्ट छ उनी नेपालमा पंचायत ब्यवस्था र आफ्नो निरंकुश शासन अटल रहोस् भन्ने चाहन्थेँ । बहुदलको लागि लड्ने नेपाली कांग्रेसलाई सधैं भारतका निर्वासनमै राख्ने उनको मनसुवा थियो । भयो पनि आखिर त्यही । राजा महेन्द्र बाँचुञ्जेल नेपाली कांग्रेसका बीपी अनि गणेशमानहरुले नेपाल आई राजनीति गर्ने न साहस गरे न प्रयास नै । जुन बेला राजा महेन्द्रले कू गरी नेपालमा पंचायत ब्यवस्था लागू गरे भारतले त्यसको विरोध गर्‍यो ।

भारतीय प्रधानमन्त्री नेहरुले भारतीय संसद लोकसभा बोल्दै यस्तो भनेका थिए "It is matter of regret for all of us that a democratic experiment and practice that was going on had suffered a set back" । नेहरुको यो भनाइबाट नेपाली कांग्रेसहरु निकै हौसिएको थिएँ । जनकपुरमा राजा महेन्द्र चढेको जीपमा बम हान्न पाउँदा मात्रै पनि उनीहरु आफूलाई सफल ठान्थे । नेपालको राजनीतिमा छाउनु त कता हो कता । अर्कोतर्फ आफ्नो नेतृत्व चलेको पंचायत ब्यवस्थालाई भारतबाट कसरी मान्यता लिने भन्ने चिन्ताले राजा महेन्द्र ग्रसित भएका थिए । यसै बीच सन् १९६२ मा सीमाको कुरालाई लिएर भारत चीनको युद्ध हुन पुग्यो । चीन, अमेरिका, सोभियत संघ अनि पाकिस्तानले त्यतिखेर राजा महेन्द्रले शुरु गरेको पंचायत ब्यवस्थालाई मान्यता दिइसकेका थिए र भारत एक्लिन पुगेको थियो । झन् त्यसमाथि चिनिया फौज नेपाल हुँदै भारत आउने हो भने दिल्लीको के हविगत होला भन्ने कुरा नेहरुको टाउको दुखाइको विषय बनेको थियो र नेपालसँग शत्रुता गर्नु भारतीय सुरक्षाको लागि खतरा हुन सक्ने देखेर नेहरुले लोकसभामा बोल्दै फेरि यस्तो भनेका थिए "An unfriendly Nepal can be threat to India's security. So we have decided to endorse the step taken by King Mahendra in Nepal"। नेहरुले यसरी बोली फेरेपछि नेपाली कांग्रेस शितांग हुन पुगेको थियो भने पंचायत ब्यवस्थाले नेपालमा जीवन पायो । त्यही भारत चीन युद्धमा चिनिया सैनिकहरुले भारतीय सेनालाई लखेट्दै पछि हट्न बाध्य बनाइरहेको मौकामा नेपालको कालापानी क्षेत्रमा आई तिनीहरु लुकेर बस्न आएका थिए । भारतले पंचायती ब्यवस्थालाई मान्यता दिइसकेको कारण राजा महेन्द्र भारतसँग औधी खुसी थिए । यसै कारण उनले कालापानीमा बसेका भारतीय सेनाहरुलाई शरणको मरण गर्न हुन्न भनी दया गरी त्यहीँ रहन दिए ।

भारत चीन युद्धमा भारतको शर्मनाक हार भएको थियो । झन् त्यसमाथि नेपालसँग पनि कुटनीतिक रुपमा पराजय भोग्न बाध्य भई पंचायत ब्यवस्थालाई मान्यता दिनुपर्ने अवस्था आउनु भारतको लागि अपाच्य थियो नै । यसको बदला भारतले कुनै न कुनै बेला नराम्ररी लिन्छ भन्ने कुरा राजा महेन्द्रलाई राम्रै थाहा थियो । त्यसकारण अब भारत के गर्दा खुसी होला र कसरी पंचायत ब्यवस्थालाई भारतबाट सदासर्वदा मान्य गराउन सकिएला भनेर राजा महेन्द्र दिनरात सोच्न थाले ।


यसै क्रममा उनले आफ्ना परराष्ट्र सचिव यदुनाथ खनाललाई सुटुक्क भारत पठाई भारतसँग गोप्य सैनिक सम्झौता गरे । प्रमाण यस्ता छन् यी "Talks between the two Governments opened in New Delhi on Aug. 29, 1965. The Indian and Nepalese delegations being headed by their respective Foreign Secretaries, Mr. T. N.Kaul and Mr.Yadunath Khanal.

" Under the 1965 defense agreement, details of which remained secret, Nepal had undertaken to obtain all its military equipment from India, and to import additional equipment from third countries only with India's consent and through Indian military channels. The Indian Government wished to evolve a new formula under which Nepal could not obtain equipment from countries hostile to India, such as Pakistan and China". This agreement is so anti national which has degraded Nepalese Sovereignty to the level of BHUTAN. King Mahendra did this agreement with India to get merely a perpetual support of India to Panchayat System propounded him as BASIC DEMOCRACY.

यस गोप्य सन्धिको विपरीत गई जब राजा वीरेन्द्र र उनका प्रधानमन्त्री मरिचमानले चीनसँग हतियार खरिद गरे तब मात्र यो गोप्य सन्धिको खुलासा भारतले गरेको थियो । यो गोप्य सन्धि विपरीत कार्य गरी चीनसँग हतियार खरिद गरेकै कारण २०४६ सालमा भारतले नेपालमाथि आर्थिक नाकाबन्दी लगाएको थियो । त्यही नाकाबन्दीको फाइदा उठाइ नेपालमा पंचायत विरोधी आन्दोलन चुलिएको थियो । त्यस अवस्थामा  भार तसँग झुक्ने कि पंचायत ब्यवस्था खतम गरी नेपाली जनतालाई बहुदलीय ब्यवस्था दिने भन्ने रोजाइमा राजा वीरेन्द्रले बहुदलीय ब्यवस्था नेपाली जनतालाई दिने निर्णय गरे ।

राजा महेन्द्रजस्तै निरंकुश शासन चाहने राजा वीरेन्द्र हुन्थे र भुटानको जिग्मेको हैसियत बसी नेपालको रक्षा भारतलाई सुम्पन्थे भने न २०४६ सालमा पंचायत सिद्धिन्थ्यो, न वीरेन्द्रको वंश हत्या हुन्थ्यो न नेपालले गणतन्त्र देख्न पाउँथ्यो । अहिले भारतको तलुवा चाटेर सत्तामा छाएका नेताहरु आफ्नो जीवनकालभरि कि त नेपालको कि भारतको जेलमा सडिरहेका हुन्थे । भारतको समर्थनमा पंचायतलाई सदाको लागि जोगाउने नाममा भारतसँग राष्ट्रघाती सैनिक सन्धि गरेका राजा महेन्द्रलाई के भन्ने ? राष्ट्रवादी ?


# योगी नरहरिनाथको गुण सम्झनैपर्छ (३)



**जगदीश लामिछाने**
रौतहट, पौराई

एकपटक युवराज छोरा वीरेन्द्र विदेश हुँदा छोराले विदेशी युवती विवाह गर्छन् कि भनी दुःख पोख्न गौरीघाट मृगस्थली मुन्तिर वाग्मती पुलछेउ रातमा राजा महेन्द्र आफैंलाई बोलाउन पठाए । त्यो दुःख निवारणार्थ अविलम्ब विवाह गरी दिन सल्लाह दिएकै हुँ र ऐश्वर्य कोमल र प्रेरणा एकै पिता केन्द्रशमशेरका तीन छोरी तीन भाइलाई विवाह गरिदिएका हुन् भनी योगी नरहरिनाथले आफैंले यो हरफकर्तासँग एकपटक भन्नुभएको थियो । राजा महेन्द्रका अन्तरंग सल्लाहकारमध्येकै भए पनि कहिले कहिले जोगीको राय राजाले नमानेकोमा जोगीले दुःख पनि मान्ने गरेको सुनिन्थ्यो ।

हुन पनि प्रधानमन्त्री सूर्यबहादुरका पालादेखि आफैंले घोषणा गरेको पञ्चायत व्यवस्थामा के कता नुन पिरो नपुगेको भनी राजा महेन्द्र आफैं पनि रनभुल्लमै थिए । यसै रनभुल्लमा नेपाल माताप्रति एउटा अमर कार्य प्रधानमन्त्री कीर्तिनिधिका पालामा भारतीय सेना धेरैजसो फिर्ता गरेरै मरे तर यसपछि उनले भने जसरी दियालो बंगलामै त्यस समय पुग्ने क.पुष्पलालले सत्ता सम्हाल्न गाह्रो मान्दा १।२ दिनमै दियालो बंगला चितवनमा राजा महेन्द्रले प्राण बिसाए । माथि लेखिएका कसैका पनि सबै गुणैगुण हुन्छन् भन्न पनि सकिँदैन र भन्नु पनि हुँदैन । कति कुरा त त्यो बेलाको समयले पनि गर्छ र गरेकै छ भनी सबैका विषयमा विद्वानहरुले भनेकै छन् । यी कुरामा राजा स्वयं पनि पीडित थिएनन् भन्नु हुँदैन । हामीले भुल्नै नहुने आफ्नो राष्ट्र जोगाइ आफ्ना बुबा त्रिभुवनलाई काठमाडौं ल्याउनु र भारतीय सेना फिर्ता गरेको अमर कामको नीतिखुती गर्दा २००७ वि.सं.को क्रान्ति नै बनावटी हुने नै भयो । त्यस्तै आधा सफल आधा असफल प्रधानमन्त्री मोहनशमशेरका पालाका भारत र बेलायतसँगका



सन्धिहरु हुन् । त्यसमा भारत अडेकै छ । नेपाल पनि अझै दह्रोसँग आफ्नो हित गर्नुमै अड्नैपर्छ । यस्तो महत्वपूर्ण कुरा लिएर नेपालको लागि रीतपूर्वक रिट पेश गर्ने योगी नरहरिनाथको किन तारिफ नगर्नु ? अवश्य गर्नैपर्छ ।

म भारतीय नेपाली हुँ भन्ने सुभाष घिसिङले दार्जिलिङ क्षेत्रलाई मात्र नेपाल हो भनी भारतीय सर्वोच्च न्यायिक निकायमा पुगेकै हुन् । त्यो खण्डगत मात्र भयो । योगीले पेस गरेको रिट जस्तो टिस्टा ब्रह्मपुत्र संगमदेखि सतलजसम्मको सम्पूर्ण गंगा उत्तरको माग भएन । मोहनशमशेरका छोरा विजय दिल्लीमै मारिनाले नेपालीहरु २००९ मै सशंकित भएकै हुन् । यी सबै कुराको राम्रो प्रतिफल लिन नसक्नु पछिल्ला राजाहरुका दोषसमेत हेर्न हामीले भुल्नु हुँदैन । अरु कुरा त यही शीर्षक २०७५ भाद्र २२ को (१) तथा २०७६ कात्तिक २२ मा (२) यसै हरफकर्ताको भनाइ यसैमा छँदैछ ।

वि.सं. २००७ देखि नै नेपाली राजनीतिक नेताहरुको अकर्मण्यता, पदलोलुप प्रवृत्ति आदि सबैले देखिसकेकै हो । भारतको छिमेकीको कमजोरीबाट फाइदा उठाइ कब्जा गर्ने नीति नै हो र यसै उद्देश्यमा कमजोर छिमेकीलाई अप्ठ्यारो अवस्था परेकै बेला फाइदा लिने नीति पनि हुने नै भयो । आफ्नै छिमेकी बलियो चीनसँग भने कहिले नेपालकै लिपुलेकमा सल्लाह कहिले चीनकै दोक्लाममा हल्लाखल्ला देखिएकै हो । कहिले यसैले पनि बीचमा रहेको नेपालले फुकी फुकी हिँड्नुपर्ने नै भयो । हाम्रो आर्यधर्ममा गहन अध्ययन भएका इतिहासको नेपाली पक्षको विशेष ज्ञाता योगी नरहरिनाथलाई नेपाल सदैव तटस्थ रहनुपर्छ भन्ने ज्ञान नहुने कुरै भएन । अर्कातिर आफ्ना छोरा र भाइ भाइमा राज्यजस्तो विषय बाँड्नै नहुनेमा बाँडी सत्ता सञ्चालन गर्दा जनजीवन तथा मातृभूमि नेपाललाई सदैव कष्टकर हुन्छ भन्ने समेत योगीज्यूलाई थाहै थियो । अतः यी कुरा सबै नेपाली विशेष गरेर विद्वत वर्गले र शासकले जान्नैपर्ने अवस्था आइसकेको छ । हाम्रो गौरव आफैंले हेर्नु नै पर्छ तर पुरानोमध्येकै चाँगुनारायणको राजा मानदेवको मल्ल पुरीसहितको नेपाल वर्णन हामी सबैले पनि जानेरै प्रथम शताब्दी मानदेवका पिता पुर्खा र किराँत कालको मल्लपुरी सहितको प्राचीन नेपालका विशेष ज्ञाता योगी नरहरिनाथले टिस्टा सतलज माग गरिदिनु भएको रिटमा हामी सबै नेपाली गौरवान्वित हुनैपर्छ ।

# थाइराइडका बिरामीले खानैपर्ने कुरा

थाइराइडको ग्रन्थी बढ्न थालेपछि हाम्रो स्वास्थ्यमा विभिन्न समस्या देखा पर्न थाल्छन् । अझ बच्चाहरुमा यो समस्या देखा पर्दा उनीहरुको विकासमा समेत असर पर्न सक्छ । त्यसकारण यसको सुधारका लागि घरमै भएका यी खानेकुरा खाने गर्दा धेरै राहत् महसुस गर्न सकिन्छ । तर कसैको अवस्था धेरै गम्भीर छ भने चाहिँ तुरुन्तै चिकित्सकको मद्दत लिनुपर्छ ।

१. थाइराइडलाई नियन्त्रण गर्न दैनिक दुधमा बेसार पकाएर खाने गर्नुपर्छ । बेसार हालेको दुध यसका लागि धेरै प्रभावकारी हुन्छ । २. दैनिक खालि पेटमा लौकाको जुस पिउने गर्दा पनि थाइराइडबाट टाढा रहन सकिन्छ । यो जुस पिएपछि आधा घण्टासम्म अरु केही नखाइ बस्नुपर्छ ।

३. दुई चम्चा तुलसीको रसमा आधा चम्चा घिउकुमारीको रस मिसाएर खाने गर्दा पनि यस समस्याबाट छुटकारा पाउन सकिन्छ । ४. थाइराइडबाट मुक्त हुने अर्को तरिका भनेको प्याजको मजास हो । प्याजलाई बीचबाट काटेर दुई टुक्रा पार्ने अनि सुत्नुअघि थाइरोइड ग्रन्थीको वरिपरि त्यसले मजास गर्ने । यसरी प्याजको रस नधोइकन राखिरहने हो भने पनि यसबाट धेरै राहत पाउन सकिन्छ ।

५. थाइराइडको उपचारका लागि मरिच पनि धेरै फाइदाजनक मानिन्छ । कुनैपनि तरिकाले दैनिक मरिच सेवन गर्ने गर्दा धेरै लाभ पाउन सकिन्छ ।

६. बदाम र ओखरमा पाइने सेलेनियम नामक तत्व थाइरोइडको उपचारका लागि धेरै उपयोगी मानिन्छन् । अझ हाइपोथाइरोइड (थाइराइड हर्मोन वृद्धि हुनु) का लागि यो उपाय सबैभन्दा बढी प्रभावकारी साबित हुने गर्छ । ७. कागतीको पत्ता नियमित सेवन गर्ने गर्दा थाइरोक्सिन अत्याधिक मात्रामा बन्न पाउँदैन । त्यसकारण यसलाई दैनिक चियामा राखेर सेवन गर्दा धेरै राहत गराउँछ ।

# मैले देखेको १२२ औं विश्व सम्पदा
# कोसेन्च्जाको सान्ता मारिया क्याथेड्रल


सुरेन्द्र ढकाल


अगाडिबाट हेर्दा चोकको जगमा उभिएको सिँढीसहितको क्याथेड्रल यस्तो देखिन्छ


क्याथेड्रलभित्र रहेको मोरेल्लीको फ्रेस्को चित्रकला


क्याथेड्रलको मुख्य प्रार्थना कक्ष


क्याथेड्रलभित्र रहेको हेनरी सातौंको चिहान


क्याथेड्रलभित्रको मादोन्ना देल पिलेरिओ अगाडि सुरेन्द्र सन् १९९१ डिसेम्बरमा


क्याथेड्रलभित्र रहेको फ्रान्सकी रानी इजाबेलाको चिहान


क्याथेड्रलभित्रको सिंगमरमरको मञ्च (अल्टर)

आस्प्रोमोन्ते राष्ट्रिय निकुञ्जभित्र रहेको गाम्बारीको हीम प्राकृतिक सम्पदाको अवलोकन गरेपछि हामी फेरि आफ्नो प्रशिक्षक प्रशिक्षणमा ब्यस्त रह्यौ । ३ महिने इटालियन भाषा र सस्कृतिको प्रशिक्षक प्रशिक्षणको अवधि पनि छोटो हुँदै गइरहेको थियो । विशाल रोमन र ग्रीस सभ्यताको संगमस्थल रहेको कालाव्रियामा अवलोकन गर्नुपर्ने महत्वपूर्ण कुराहरू अब प्रायः समाप्त हुन गइरहेको थियो । यसै बीच डिसेम्बर महिनाको तेस्रो शनिबार कोसेन्च्जा शहर र त्यहाँ रहेको प्राचीन मध्यकालीन सान्ता मारिया क्याथेड्रल अवलोकन गराउन लग्ने सूचना विश्वविद्यालयले दियो । सोअनुरूप हामी शनिबारको बिहानै त्यसतर्फ लाग्यौं ।


सान्ता मारिया क्याथेड्रल

यो क्याथेड्रलको कोसेन्च्जाको मुख्य चर्च रहेछ । पादरी धर्म गुरू आर्कविशप रहने यो क्याथेड्रलले प्राचीन र मध्यकालीन महत्व बोकेको कारण यसलाई इटलीकै महत्वपूर्ण चर्चमा लिइँदो रहेछ भने यसको अवस्थिति ऐतिहासिक कोसेन्च्जा शहरको मुटुमै रहेछ । मादोन्ना देल पिलेरिओको पवित्रतासँग जोडिएको तथा प्राचीन अनुपम वास्तुशैलीको कारण प्रख्यात मानिएको यो क्याथेड्रलको निर्माण १२ औं शताब्दिमा भई विश्व सांस्कृतिक सम्पदामा गनिदो रहेछ । पछि सन् ११८४ मा आएको महाभूकम्पको कारण जगैदेखि भत्कन पुगेको कारण उही शैलीमा सन् १२२२ मा विशप लुका काम्पानोको अगुवाइमा यस क्याथेड्रलको पुनरनिर्माण शुरू भएको रहेछ । निर्माण भएपश्चात यस क्याथेड्रलको स्तरोन्नति भई कार्डिनल आर्कविशप स्तरको बन्न पुगेको यस क्याथेड्रलको वास्तुपूजा भने फ्रास्कातीको कार्डिनलबाट भएको रहेछ । त्यस अवसरमा स्भेभियाका सम्राट फेडेरिको दोस्रोको पनि उपस्थिति भएको रहेछ । यस क्याथेड्रलमा संग्रह गरिएको पुरातात्विक वस्तु धेरै महत्वपूर्ण भएको कारणले गर्दा कोसेच्जा शहर प्रशासनले पहिलेदेखि नै यहाँको कडा सुरक्षाको प्रवन्ध गरेको रहेछ । पछि सन् १७४८ मा यस क्याथेड्रललाई वारोक शैलीबाट निओगोथिक शैलीमा रूपान्तरण गरिएको रहेछ र त्यस क्रममा यस्को मौलिकरूप र त्यहाँ भएका मध्यकालीन कलाकृतिहरू ओझेलमा पर्न गएका रहेछन् । पछि पुनः १९औं शताब्दिमा गरिएको जिर्णोदारको कारण यस क्याथेड्रलको बाहिरी भित्री रूपमा ठूलो परिवर्तन गरिएको कारण यस क्याथेड्रलले यसको प्राचीनता नै पो गुमाएको हो कि पनि भन्दा रहेछन ।

चारवटा स्तम्भ रहेको यो क्याथेड्रलको भित्री भागलाई चारमध्ये एक सबैभन्दा ठूलो स्तम्भले थेगेको रहेछ । क्याथेडलको मुख्य द्वारमा पुग्नलाई नै क्याथेड्रलको चोकमा जग भएको चौडा सिँढी चढ्नुपर्ने रहेछ । वास्तुविद् जुसेप्पे पिशान्तिको दक्षता झल्कने यस क्याथेड्रलको प्रार्थना कक्षको देब्रेतिर दुई वटा गजुर चुलिएको रहेछ जस्मा पहिलो गजुर मादोन्ना देल पिलेरिओमा समर्पित रहेछ । जस्ले १२ औं शताब्दिको विजाइन्टाइन युगको गालाक्तोत्रोफोउसा (कम्मरमा जेससलाई बोकेको मादोन्ना) को झझल्को दिन्छ भन्दा रहेछन् । दोस्रो गजुर चाहिँ फ्रातेल्ली वान्दिएरा (वान्दिएरा अभियानमा लागेका दुई दाजुभाई) प्रति समर्पित रहेछ । यस क्याथेड्रलभित्र दुई महत्वपूर्ण चिहान पनि रहेछन जस्मा एउटा जर्मन सम्राट हेनरी सातौं र अर्को फ्रान्सकी साम्राज्ञी इसावेला दि आरागोनाको रहेछ । क्याथेड्रलको मंच (अल्टर) भने निओरोमन शैलीमा सिंहमरमरले बनेको रहेछ । क्याथेड्रलको भित्तामा रहेका खोपाहरू चित्रकार दोमेनिको मोरेल्लिका आफ्रेस्को चित्रकलाहरूले सजिएका रहेछन् ।

# २५. हामीहरुको काठमाडौं प्रवेश-३

का.पुष्पलाल र म काठमाडौं प्रवेश गऱ्यौं । हामीहरुको नाममा देशव्यापी रुपमा वारेन्ट जारी गरिएको रहेछ र हामीहरुलाई (अर्थात् कम्युनिस्ट पार्टी र नेपाली कांग्रेसका नेताहरुलाई) कसैले आफ्नो घरमा आश्रय दिन पाउँदैन, सरकारी जागिरदारले आश्रय दिएमा निजलाई जागिर खोसी सर्वस्व गरी जेल पठाइनेछ र गैरसरकारी जागिरदारले आश्रय दिएमा निजलाई सर्वस्व गरी जेल पठाइनेछ भन्ने र फलाना फलाना भनी हामीहरुको नाउँ किटेर आआफ्नो अञ्चलका अञ्चलाधीश कार्यालयमा १७ दिनभित्र हाजिर हुन आउनु नआएमा सर्वस्वहरण गरिनेछ भन्ने दुइटा शाही विज्ञप्तिहरु जरी गरिएको रहेछ । सिंगै काठमाडौं उपत्यका नै आतंकित वातावरणले ढाकिएको थियो । त्यसको परिणाम स्वरुप हामीहरुलाई डेन अर्थात् आश्रय लिने घर पाउनु कठिन मात्रै होइन, असम्भव जस्तै भएको थियो । हामीहरुलाई आफ्नो घरमा आश्रय दिएर त्यस हदसम्मको खतरा मोल्नु भनेको हाम्रा शुभचिन्तकहरुको निम्ति आफ्नो सम्पूर्ण परिवारकै विनाशलाई निम्त्याउनु जस्तै हो । त्यस्तो खतरा मोल्न तिनीहरु हिचकिचाउँछन् भने




■ शम्भुराम श्रेष्ठ

त्यो विल्कुलै स्वाभाविक र बुझिने कुरा नै हो । हामीहरुले शुभचिन्तकहरुलाई 'हामी एक दुई दिनका लागि तपाईंको घरमा बस्न आउँदैछौं ।' भनी खबर पठाउँदा उनीहरुमध्ये कसैले पनि हाम्रो आग्रहलाई ठाडै इन्कार त गर्दैनथे तर घुमाउरो पाराले अर्थात् यति यति कारणले हाललाई यहाँ तपाईंहरुको सुरक्षा हुँदैन भनेर इन्कार गर्थे । त्यसकारण हामीहरुले अग्रिम सूचना नै नदिइकन बिहानको ४ अथवा ४:३० बजेतिरै अर्थात् उज्यालो नहुँदै आश्रयको निम्ति शुभचिन्तकहरुको घर पुग्थ्यौं र घरको ढोका विस्तारै घचघच्याउँथ्यौं । ढोका खोल्न आउनेले हामीहरुलाई 'भित्र आउनोस्' भनेर स्वागत गरी माथि लान्थे । हामीहरुलाई देखेपछि ' नआउनोस्' भनी कसैले भन्दैनथे । यसबाट हामीहरुप्रतिको उनीहरुको माया र श्रद्धा राम्ररी जाहेर हुन्छ ।

हामीहरु २ दिनभन्दा बढ्ता घरमा बस्दैनथ्यौं । दुई दिन अरुको घरमा बस, बाध्य भएर एक दिन आफ्नै घरमा बस्ने गर्थ्यौं । प्राय: पुष्पलाल र मसँगसँगै जाने् बस्ने गर्थ्यौं । बाध्यताले गर्दा पनि हामीहरुले त्यसो गर्नु परेको हो । अत: हामीहरुले आफूहरु विल्कुलै असुरक्षित भएको महसुस गर्न थाल्यौं । एकदिन का.पुष्पलालले मलाई मोती बाँडा (यङ कम्युनिस्ट लिगको एक अत्यन्तै सक्रिय कार्यकर्ता) लाई पनि राजाको प्रमुख निजी सचिव लोकदर्शन बज्राचार्यले सीआईडी इन्स्पेक्टर बनाइसकेको छ र त्यसदेखि हामीहरुले विल्कुलै होसियार हुनुपर्छ भनी भनें । तर यो कुरामा मलाई विश्वास लागेन । 'यो कसरी हुन सक्छ' भनी मैले का.पुष्पलालसँग प्रश्न पनि गरें । वास्तवमा मोती बाँडा सीआईडी इन्स्पेक्टर भइसकेको रहेछ । एक दिन का.पुष्पलाल आफ्नो डेरामा बसिरहेका थिए । मोती बाँडा आएर 'साहना भाउजू, साहना भाउजू' भनी बोलाउँदै ढोका घच्घच्याउन थालेछ । मोती बाँडा आएको थाहा पाउने बित्तिकै का.पुष्पलाल भागेछन । त्यो घटना घटेदेखि का.पुष्पलालले मलाई धेरै पटक 'अब हामीहरुले काठमाडौंमा बस्नु ठीक छैन, बाहिर (अर्थात् भारतमा) जानुपर्छ ।' भनी भने । तर मैले उनको कुरालाई मानिन । मैले भन्थें- 'पार्टीको निर्णयले हामीहरु यहाँ बसेका छौं ।

निश्चय नै यहाँ हामीहरु सुरक्षित छैनौं । तर पनि यति चाँडो हामीहरुले देश बाहिर जानु ठीक छैन ।' त्यसको केही दिनपछि का.पुष्पलालले 'एसआर म त यहाँ बस्दिन, बाहिर जान्छु । मैले निर्णय गरिसकें । भनी भने । अनि मैले भनें- 'डा.रायमाझी र डीपी अधिकारी काठमाडौं आए नआएको केही खबर छैन । उनीहरुसँग भेटसम्म पनि नगरी मैले देशबाहिर जानु मनासिब छैन । पार्टीले दिएको जिम्मेवारीलाई खतराको नाममा बेवास्ता गर्नु ठीक छैन उनीहरुसँग भेटिसकेपछि परिस्थिति हेरी बाहिर जानुपर्ने भयो भने जान्छु ।' तर का.पुष्पलालले यहाँ बस्न मान्दै मानेनन् र गइहाले ।

स्वास्थ्य

# प्रेसरका बिरामीलाई आलस



हामी आवश्यकताभन्दा दश गुणा बढी नुन सेवन गरिरहेका हुन्छौं । चाहिनेभन्दा बढी नुनको सेवनकै कारण वर्षमा चालीस लाख मानिसले जीवन गुमाउँछन् । रक्तचाप बढाउने एक कारक नुन पनि हो ।

उच्च रक्तचापका कारण मानिसको ज्यान जान्छ । मानिसलाई जति नुन आवश्यक पर्छ त्यो मात्रा त तरकारी र अन्य प्राकृतिक खाद्यवस्तुबाट प्राप्त भइरहेको हुन्छ । बाँकी हामीले तरकारीमा हाल्ने नुन त जीब्रोको स्वादका लागि मात्रै हो । एक अध्ययनअनुसार यदि हामीले नुनको अनावश्यक मात्रालाई नियन्त्रण गर्न सक्यौं भने हृदयघातबाट ज्यान जाने जोखिम २२ प्रतिशत कम हुन्छ भने हृदयघात हुने सम्भावना १५ प्रतिशतले कम हुन्छ ।

हामी दैनिक आवश्यकताभन्दा १० गुणा बढी नुन प्रयोग गरिरहेका हुन्छौं । नुन सोडियम र क्लोराइडबाट बनेको हुन्छ । यी दुई तत्वमध्ये सोडियमको काम शरीर बिगार्ने मात्रै हो भन्दा पनि फरक पर्दैन ।

जब तपाई नुन बढी प्रयोग गर्नुहुन्छ, तब शरीरले त्यो अनावश्यक नुनलाई आफ्नो प्रणालीबाट बाहिरी निकाल्न जोर लगाउन थाल्छ । त्यो जोर लगाउने क्रममा शरीरले ब्लड प्रेसर पनि बढाउँछ । अन्तत: त्यही जोर नै ब्लड प्रेसर भन्ने बिमारी बनिदिन्छ ।

नुन भएको खानेकुरा खाएको ३० मिनेटपछि यसले शरीरमा हानी पुर्याउन थाल्छ । नुनले नशामा हानी पुर्याउँछ । शरीरमा नुन नहुँदा के हुँदो रहेछ भन्ने अध्ययन गर्न वैज्ञानिकहरु नुन सेवन नगर्ने मानिसहरुको वस्तीमा पुगे । नुन नखाने अमेजनको बुढा रेड इन्डियनहरु प्रेसर जाँच्दा उनीहरुमा १००/६० पाइयो । जुन त्यहाँका वयस्कहरु बराबर नै थियो । हामी १२०/८० ठीक हो भन्ने ठान्छौं । खानपानमा मात्रै परिवर्तन गर्दा धेरै बिरामीहरुको प्रेसर १०५/८० मा अडिएको छ ।

पोल्ट्री सञ्चालकहरुले कुखुराको वजन कृत्रिम रुपमा बढाउँन सोडियम मिसिएको पानी कुखुरामा हाल्छन् । जसका कारण कुखुराको मासुमा आवश्यक भन्दा बढी सोडियम बस्छ । सेतो मासु भए पनि कतिपय अवस्थामा कुखुराको मासु पनि हानिकारक हुन्छ ।

उच्च रक्तचापको औषधि सेवन गरिरहेकाहरुमा हृदयघातको सम्भावना १५ प्रतिशतले कम हुन्छ । ज्यानै गुमाउने जोखिम यसले २५ प्रतिशतले कम गर्छ । विज्ञहरुले गरेको एक परिक्षणमा बिरामीहरुले खाने अन्नको मात्रा १० बाट घटाएर ३ मा ल्याइयो । जसले अनौठौ परिणाम दियो । अन्नको मात्रा घटाएपछि उनीहरुमा गरिएको परीक्षणमा के देखियो भने औषधि सेवन गरे बराबरको न्यून जोखिममा ती बिरामीहरु थिए । अर्थात यसले हृदयघातको सम्भावना औषधि सेवन गर्दा जति नै घट्यो ।

**माछामासु**

माछामासुको धेरै सेवनले उच्चरक्तचापको समस्या आउँछ । यसको मतलव माछा मासु खानै नहुने भन्न होइन । क्यानिफोर्नियामा ८९ हजार मानिसहरुमा गरिएको अध्ययनले एक अनौठो नतिजा बाहिर ल्याएको छ । ती मध्ये हप्तामा एक भन्दा बढी पटक मासु खाने मानिस भन्दा २३ प्रतिशत कम जोखिम महिनामा एक दुई पटक खानेमा देखियो । माछा मात्रै खाने मानिसमा उच्च रक्तचापको जोखिम ३८ प्रतिशत कम देखियो ।

माछा र मासु दुवै नखानेमा यस्तो जोखिम ५५ प्रतिशतले कम भयो । माछामासु, अण्डा र डेरी उत्पादन छाडन् मानिसमा रक्तचापको जोखिम ७५ प्रतिशतले कम भयो । यसबाट के देखिन्छ भने जनावर वा पशुपंक्षीबाट प्राप्त हुने खाद्यवस्तुले उच्च रक्तचापको जोखिम बढाउँछ ।

**चमत्कारी आलस**


तपाईको रक्तचाप माथि १४७ र तल ११५ छ भने तपाईले औषधि खानै पर्छ । एक बृहद अध्ययनका क्रममा के देखियो भने केही चम्चा आलस वा आलसको धुलो नियमित सेवन गर्ने हो भने तल १५ पोइन्ट र माथि ७ पोइन्ट रक्तचाप आफै कम हुन्छ ।

अर्थात माथिक १४७ र तल ११५ हुनेले नियमित आलस सेवन गर्दा औषधि खान नपर्ने लेभलमा ब्लड प्रेसर आउन सक्छ । १४० र ९० भनेको प्रेसरको सीमा हो । यो भन्दा माथि भयो भने मात्रै औषधि सेवन गर्नुपर्छ । यो मात्रा भनेको दिनहुँ एरोविक गर्नुभन्दा दुई गुणा बढी प्रभावकारी देखियो ।

# ज्युरिच: तीन दिनको सफर, दुई रातको अनुभव-४

नियात्रा संस्मरण

**घनश्याम राजकर्णिकार**



हङकङजस्तो फ्री पोर्टमा किनमेल सस्तो पर्ने भनेझैँ स्विट्जरल्यान्डमा विलासी वस्तुमा समेत स्थानीय कर छुट हुँदा यहाँ अन्तभन्दा सामान सस्तो पाइँदो रहेछ । त्यसैले ज्युरिचलाई पर्यटकहरूको 'सपिङ प्याराडाइज' भन्दा रहेछन् । अरू नकिने पनि संसारप्रसिद्ध स्विस घडी कम्तीमा एक-एकओटा त हामीले किन्नै पर्छ भनी ती गाइड महाशयले गरेको जोडदार भनाइलाई पछि मैले पनि शिरोपर गर्नै पऱ्यो । एक ठाउँको 'ओमेगा' घडीको विभिन्न विज्ञापनपाटीको कलापूर्ण प्रदर्शन देख्दा साँच्चै मन लोभिने नै रहेछ । इतिहास र संस्कृतिको विषयमा बोल्दै हाम्रा गाइड भन्न पुग्छन्- "निश्चय नै यस कुराको महसुस गर्दछौं कि यी कुराहरूमा हामी पेरिस, रोम, लन्डन वा एथेन्सजस्ता सहरहरूसँग मुकाबिला गर्न सक्दैनौं ।" ज्युरिचमा पर्यटक-दर्शनीय स्थलहरूमा मुख्यत: स्विस नेसनल म्युजियम, नवौं शताब्दीको क्याथेड्रल (चर्च), रिटबर्ग म्युजियम, फेडरल इन्स्टिच्युट अफ टेक्नोलोजी जहाँ नोबेल पुरस्कारप्राप्त व्यक्तिहरूको सङ्ख्या प्रचुरता रहेछ आदि हुन् । मेपछि आउने जून महिना ज्युरिचवासीहरूका निम्ति उल्लास तथा रमझमको बेला हुन्छ भन्ने कुरा ती गाइडबाटै थाहा पाएको हुन्छु । यसताका विभिन्न ठाउँमा कलाप्रदर्शनी, अपेरा, ब्याले तथा बल डान्सको संयोजन, गार्डेन पार्टीहरूको आयोजन तथा बौद्धिक गोष्ठी, सभासमारोह आदि हुँदा रहेछन् । यहाँसम्म कि युवापिँढीहरू यसताका रक एन्ड रोल तथा डिसकोथेमा मस्त हुँदा रहेछन् । साँच्चै सबै वर्गका व्यक्तिको मनोकामना पूर्ति गर्ने रमाइलो जून महिनाको रमितालाई सही अर्थमा राष्ट्रिय पर्व भन्नु समुचित हुनेछ भन्ने मैले सोचें । ज्युरिचको विषयमा गाइडमार्फत यसरी संक्षिप्त जानकारी हासिल गरें ।



**नेपाल आउनुहोस्, सय-डेढ सय वर्षअधिको स्विट्जरल्यान्ड हेर्नुहोस्**

रमाइलो 'बोट ट्रिप' सकिएपछि म सरासर होटेलमै गएँ । बिहान फोनमा कुरा हुँदा तीन बजेको समय तोकेको थिएँ । नभन्दै तीन बजेर छ-सात मिनेट गएको हुन्न कोठामा घण्टी बज्छ र बिहान फोन गर्ने केटीले मलाई सूचना गरेकी हुन्छिन्, उनी तल मटान (लबी) मा पर्खिरहेकी छिन् । पूर्वतयारी भएको हुँदा म पनि नेपाली समय (अबेर गर्ने हाम्रो बानी) लाई परित्याग गर्न सफल भएको हुन्छु । शिष्टाचारयुक्त केही वार्तालापपछि ती केटीसँगै उनको भक्सवेगन गाडीमा बसी उनको घरमा गएँ । सायद त्यो उनको आफ्नै घर थिएन, तीनओटा कोठा मात्र बहालमा लिएर बसेकी हुन् क्यार ! उनले आफूलाई विवाहिता भनेकी थिइन् परन्तु घरमा उनको लोग्नेसँग भेट भएन वा हुन सकेन । मानिसहरू एकएक-दुईदुई जना गर्दै आउन थाले । स्लाइड देखाउने बैठकजस्तो अलि ठूलो कोठाको एउटा कुनामा 'बार' जस्तै काउन्टर, स्टुल, मेचहरू र विभिन्न किसिमका बियर, रक्सी, आलुचिप्स तथा मासुका चपजस्ता रोटीहरू पनि आकर्षक ढङ्गले राखिएका थिए । त्यस काउन्टरमा एक जना केटी थिइन् जसले सेल्स गर्लले जस्तै पाहुनाहरूलाई भने-भनेका कुराहरू टक्र्याउँदै थिइन् । मैले पहिले त आज यहाँ राम्रो पार्टी नै रहेछ र जसले जति लिए पनि हुने, खाए पनि हुने होला भन्ठानेको थिएँ, तर पछि पाहुनाहरूले पैसा तिर्दै गरेको देख्दा म त चकित भएँ । पार्टीमा सम्मिलित हुन कसैले आफ्ना साथीभाइ, नातेदारहरूलाई बोलाउने तर खानेपिउने कुरा भने यसरी सम्मिलित हुन आउनेहरूले नै पैसा तिरेर लिनुपर्ने, यो कस्तो रीतिथिति हो मैले केही बुझ्न सकिनँ । मेरा एक जना मित्रले पनि जर्मनीमा एक चोटि यस्तो अनुभव गरेको कुरा उनीबाट मैले सुनेको थिएँ, ज्युरिचमा मैले आफैँले पहिलोपल्ट यो देखें र भोगें । यो देख्दा हामीकहाँ पाहुनाहरूलाई सेवासत्कार गर्ने तथा नअघाएसम्म खानपिउन दिने रीतिथिति भएको हाम्रो आफ्नै संस्कृतिको गरिमा उच्च भएको आभास भयो । लगत्तै स्लाइड देखाउने कार्यको शुभारम्भ भयो, सबै उत्सुक देखिए । धेरैजसो काठमाडौं, पाटन र भक्तपुरवरपरिका सामाजिक अवस्था देखाउने रहेछन्- मनमनै खुसी भएँ । काठमाडौं असनतिर मानिसको घुइँचोभित्रै गाईगोरीको रजाइँ तथा त्यहाँ यत्रतत्र गोबरको छचल्क्याइँ, पाटनतिर ज्यापूदाइले तरकारीको खर्पन बोकी हिँडिरहेको, भादगाउँको घरबस्तीतिर झुत्रानाङ्गा नानीहरूले लहरै आची गरिरहेका- यस्ता थिए ती स्लाइडहरूका रूपरेखा । निश्चय नै ती क्षण मेरा निम्ति केही हाँकका, केही चुनौतीका थिए । ती नबोल्ने स्लाइडहरूको विषयमा मैले बोलिदिएँ र ती निर्जीव तस्बिरमा मैले ज्यान भरिदिएँ । आफ्नो मात्र होइन, सम्पूर्ण नेपालीको नाक राख्न कहीँकहीँ मैले झुट पनि बोलिदिनुपऱ्यो । त्यहाँ भएमध्ये एक जना परिपक्व वृद्ध भलादमी व्यक्तिले समालोचना गरिदिँदा मलाई पिठ्यूँमा धाप दिएजस्तै भयो । उनले भने- "मानिसको सभ्यता भनूँ वा विकास क्रमिक रूपले भएको हुन्छ । संसारमा कुनै पनि क्षेत्रमा मानिस एकैपल्ट विकसित भएको कुनैकतै प्रमाण छैन । स्वयम् स्विसहरूमध्ये अहिले पनि गाउँकन्दराका कतिपय व्यक्तिहरू दुई-तीन पुस्तापहिलेका जस्तै देखिन्छन् । त्यस्तै नेपालमा भएका यी अनौठा कुराहरू सय-डेढ सय वर्षअघि स्विट्जरल्यान्ड तथा युरोपका अरू मुलुकहरूमा कुनै न कुनै रूपमा विद्यमान भएको प्रमाण इतिहासले बताउँछ ।" मौका पारी मैले पनि हँस्यौली गरी भनिहालें- "त्यसैले तपाईंहरू आफ्नो उमेर तीन-चार गुना अहिल्यै बढी पार्न चाहनुहुन्छ भने आउनुहोस् नेपाल । तपाईंहरूलाई स्वागत छ । सय-डेढ सय वर्षअघिको स्विट्जरल्यान्डलाई हेरेर फर्कनुहोस् ।" मेरो यो भनाइलाई त्यहाँ उपस्थित सबैले करत्वल ध्वनिसाथ ताली बजाएर स्वागत गरे ।

**विनिफ्रेडसँग केहीछिन**

ज्युरिच पुगेको तेस्रो दिन, बिहानदेखि बिसन्चो अनुभव भयो- पेट ठीक नभएको, ज्वर आएको, नातागत बढेको जस्तो । साँच्चै अन्योलमा परेजस्तै भएँ । कतै बाहिर पनि गइनँ र जाने इच्छा पनि गरिनँ । फेरि ज्युरिच मलाई कताकता जर्मनीकै सहरजस्तै लागिरहेको थियो । खै, के हेर्ने र, उस्तै त हो नि भनेजस्तै मनमा लाग्यो । तर जर्मनीमा जस्तो सुरक्षित भएको आभास भने यहाँ भएन, सायद नवागन्तुक भएर होला । ब्रेकफास्ट लिने ठाउँमा दिक्क हुँदै गएको हुन्छु, जहाँ कफी पिइरहँदा मन मडारिइरहेको हुन्छ । यत्तिकैमा यसो नजिकै एक जना हब्सी केटी कफी पिउन थचक्क बस्न आइन् । तर मलाई के सुर चल्यो उनीसँग बोलूँबोलूँ जस्तो लाग्यो । साँच्चै त्यस बखत हामी दुई मात्र 'कलर्ड' (कालो वर्णका) थियौं- उनी ब्लैक कफीजस्ती काली म भने कफी विद मिल्क (दूध भएको कफी) जस्तै कैलो । *(क्रमश:)*

राष्ट्रिय अखण्डता,
सामाजिक मर्यादा
भेदभावरहित सत्यतथ्य
सूचनाको सम्प्रेषण गरी
शान्ति प्रवर्द्धनमा
अग्रसर हुनु हामी सबैको
कर्तव्य हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# किन यौनकर्मीकहाँ धाउन थालेँ ?



विष्णु भट्टराई

२८ वर्षको उमेरमा पहिलो पटक मैले कुनै महिलालाई स्पर्श गरेको थिएँ । मेरा लागि त्यो अविस्मरणीय रात थियो जसलाई आजसम्म पनि भुल्न सकेको छैन । म जुन इच्छा पूरा गर्न त्यहाँ गएको थिएँ, त्यो इच्छा पूरा भइरहेको थियो । त्यसैले म प्रसन्न थिएँ, कुनै युद्ध जितेजस्तै । त्यो पहिलो अनुभव एक हप्तासम्म मेरो मस्तिष्कमा घुमिरह्यो । के के न बहादुरी गरेजस्तै गरी । साँच्चै मैले आफूलाई ठूलै काम गरेको महसुस गरिरहेको थिएँ ।

त्यो रात यता मैले आफूलाई बेग्लै संसारमा भएको जस्तो अनुभव गरिरहेको थिएँ । नहोस् पनि किन ? यो उमेरसम्म मेरो बिहे भएको थिएन । सामान्यतया मेरो उमेरमा केटा मान्छेको विवाह भइसकेको हुन्थ्यो । म भने अविवाहित नै थिएँ । कतिका त भन्ट्याङ भुन्टुङसमेत भइसकेका हुन्थे । मेरो गृहनगर गुजरातमा पुरुषको तुलनामा महिलाको संख्या निकै कम छ । महिला र पुरुषबीच रहेको जनसंख्याको असन्तुलनको खाल्डोले म जस्ता कैयौं युवालाई बिहे गर्ने अवसरबाट वञ्चित तुल्याएको छ ।

मेरो उमेरमा विवाह नभएकै कारण मेरा आमाबाबुले गाउँलेहरुका थरीथरीका कुरा सुन्नुपर्‍यो । उदाहरणका लागि यदि तपाईंको छोरा सरकारी जागिरे भएको भए केटी जति पनि पाइन्थ्यो । केटी दिने प्रस्तावहरु प्रशस्त आउँथे । केटी खोजेर मात्रै हुन्छ ? केटाको सरकारी जागिर छैन, व्यवसाय छैन । छोराको जागिर भरपर्दो हुनुपर्‍यो नि । गाउँलेको सोच फरक थियो । उनीहरुको सोचाइमा निजी कम्पनीमा काम गर्ने जागिरे नै होइनन् भन्ने थियो । निजी कम्पनीमा काम गर्ने जागिरेको मासिक आम्दानीसँग उनीहरु सरोकार राख्दैनथे । त्यसैले बेलाबेला भन्थे, 'निजी जागिरको के भरोसा ? कति बेला जागिर जान्छ भर हुँदैन । अनि तपाईंहरुको जग्गा जमिन र आयस्रोत पनि त त्यति धेरै छैन । अनि कसरी पाउँछ तपाईंहरुको छोराले श्रीमती ? अनि कसरी पाउनुहुन्छ तपाईहरुले बुहारी ?

गाउँलेले त्यसो भनिरहँदा म एउटा निजी कम्पनीमा काम गरिरहेको थिएँ र मेरो मासिक आय आठ हजार भारतीय रुपैयाँ थियो । म घरको जेठो छोरा थिएँ । जेठो छोरो हुनुको नाताले ममा अरु भाइहरुको भन्दा स्वाभाविक रुपमा बढी जिम्मेवारी हुनै नै भयो । तर मेरो विवाह भने कुन सकेको थिएन । गाउँलेको भनाइ र आफ्नो अवस्थाका कारण मलाई लाग्थ्यो कतै बिहेको टुंगोसम्म भइदिए समाजमा हाम्रो इज्जत जोगिइहाल्थ्यो कि ? मेरै कारण बुबाआमाले गाउँलेका नानाभाँती कुरा सुन्नु पर्दैनथ्यो कि ? भन्ने कुराले बेला बेलामा मलाई औधी पोल्थ्यो ।

मेरा चारजना एकदमै मिल्ने साथी थिए । हामी प्रायः नजिकको सहरमा रक्सी खान जान्थ्यौं । सदाझैं सम्भवतः त्यो दिन मेरो साथीले ममा दृश्य अदृश्य रुपमा देखिने तनाव महसुस गरेको हुनुपर्छ । हामी होटलमा रक्सी खान बस्यौं । रक्सीले तनाव कम गर्छ भन्ने मान्यता पनि पाइन्छ । तर यस्तै मान्यताले मान्छेलाई जँड्याहा बनाइदिन्छ । म साथीहरुसँग किन रक्सीको चुस्की लिन्थेँ म आफैंलाई थाहा छैन । एकजना साथीले ग्लासमा रक्सी हाल्दै भने- 'तिमी किन यति तनाव लिन्छौ ? तिमीले बिहे गरिहाल्यौ भने पनि यति मज्जा लिन सक्दैनौ । दुनियाँ ब्लाक एन्ड ह्वाइट हैन कलरमय छ । रंगीन दुनियाँमा रम्न सिक । जिउनुको अर्थ यसैमा छ ।

'मसँग हिँड । म तिमीलाई रमाइलो गर्ने ठाउँमा लैजान्छु' म जुन कुराको तनावमा थिएँ- साथीले कुरा बुझेको थियो । साथीले पटक पटक आग्रह गरेपछि अन्ततः हामी एउटा होटलमा गयौं । म त्यो होटलमा यसअघि छिरेको थिइनँ । मेरा लागि त्यो होटल नितान्त नयाँ थियो । साथीहरुका लागि सायद त्यो होटल चिरपरिचित थियो । होटलमा हुने क्रियाकलापबारे साथीहरुले गरेको कुरा सुन्दा त्यस्तै लाग्थ्यो । साथीहरु पटक पटक त्यो होटलमा जाँदारहेछन् भन्ने बुझ्न मलाई कठिन भएन । होटलमा हुने रंगीन घटनाहरुबारे साथीहरुले निकै पटक मलाई भनेको याद छ । तर यसअघि मैले त्यो होटलका बारेमा खासै चासो राखेको थिइन् । यसपटक भने साथीहरुले भन्ने बित्तिकै म लुरुलुरु होटल आएँ ।

युवावस्थामा प्रवेश गरेसँगै मैले साथीहरुसँग मिलेर कैयौं ब्लु फिल्महरु हेरेको थिएँ । तर वास्तविक जीवनमा कुनै महिलासँगको सम्पर्कमा गएको त्यो पहिलो पटक थियो । पहिलो पटक कुनै महिलाको स्पर्श गर्दा मलाई असाध्य लाज अनुभूत भयो । तर त्यसपछि त होटल जाने र रमाइलो गर्ने बानी नै बस्यो । तलब आउनासाथ म त्यो होटलमा जान थालेँ । महिलाहरु अदलीबदली भइरहेका हुन्थे । रक्सी पिउने, हाँसी मजाक गर्ने अनि अन्त्यमा महिलासँग संसर्ग गर्ने बानी नै बस्यो । मेरो बिहे नभए पनि बिहेको अनुभव गरिरहेको थिएँ । खै कसैको भनाइ सम्झिन्छु- विवाह वैधानिक बेश्यावृत्ति हो रे । तर म जे गरिरहेको थिएँ त्यो अवैध थियो । समाजले अस्वीकार गर्ने हर्कत म गरिरहेको थिएँ । थाहै भएन, म त्यो होटलमा जान थालेको पाँच वर्ष भइसकेछ ।

आफूलाई आनन्द दिलाउने र मन बहलाउने त्यो एउटा सजिलो बाटो थियो मेरो लागि । एक प्रकारले त्यो आदत





(अम्मल) जस्तै भइसकेको थियो हो जानु मेरा लागि । मेरो नियमित होटल आउ जाउ समाजमा लामो समय लुक्ने कुरै थिएन । अझ पाँच वर्ष भइसकेको थियो । एक दिन मेरो हर्कत बुबाको कानसम्म पुग्यो । सायद उहाँलाई तेरो छोरा फलानो होटलमा धाउँछ भनेर सुनाइदिएको हुनुपर्छ । बुबालाई मप्रति विश्वास थियो, छोराले त्यतिसम्म गर्दा भनेर कल्पना नै गर्नु भएको थिएन । आफूले विश्वास गरेको जेठो छोराको क्रियाकलाप थाहा पाएर उहाँको रिस उत्कर्षमा पुग्यो ।

मप्रति बुबाले हात उठाउन सकिरहनुभएको थिएन । तर आक्रोश भने कडा थियो । अतः ठूलठूलो स्वरमा के के कराएर आफूलाई शान्त पार्ने प्रयास गरिरहनुभएको थियो । तिमीलाई लाज लागेन त्यस्तो गर्दा ? आफ्नी आमा र दिदीको बारेमा पनि एक चोटि सोचेको भए हुन्थ्यो नि ? त्यस्तो काम पनि गर्ने हो- मेरो कमजोरी थाहा पाएर आमा र दिदी रोइरहनु भएको थियो । भिनाजुको परिवारलाई पनि मेरो बारेमा थाहा भयो । सायद मेरो कारण समाजमा उहाँको शिर निहुरिएको हुनुपर्छ । जसका कारण उहाँमा आक्रोश थियो । अरु रोइरहेका थिए ।

मैले बुबालाई ढाँटेँ । आफू चोखिने प्रयास गर्दै भनें- साथीहरुले मलाई रक्सी खुवाएर होटल लगेका थिए र बेहोसीमा के के भयो त्यो थाहा भएन भनेर मैले सफाइ दिने प्रयास गरेँ । गल्ती भयो अब त्यस्तो गर्दिनँ भनेर परिवारसँग माफी पनि मागेँ । बुबाले मेरो कुरा अहँ पत्याउनुभएन र भन्नुभयो- एकपटक त साथीहरुले लगे होलान् त्यसो भए यत्तिका वर्षसम्म त्यो गल्ती किन गरिह्यौ त ? बुबाको यो प्रश्नको जवाफ मसँग थिएन । वास्तवमा उहाँले जे भन्नुभएको थियो त्यो साँचो थियो । छेउमा बसेर दिदी र भिनाजु पनि मलाई कराइरहनुभएको थियो । उहाँको परिवारमा पनि मेरो कारण तनाव भएको हुनुपर्छ । मैले आफ्नो कारण परिवारमा त्यस्तो अवस्था आउला भनेर सोचेकै थिइनँ । त्यहाँ (होटलमा) जानु र रमाइलो गर्नुलाई त्यस दिनसम्म सामान्य ठानेको थिएँ ।

**परिवारले भनेको बेला बिहे भएको भए मेरो जिन्दगी कस्तो हुन्थ्यो मलाई थाहा छैन । त्यस विषयमा कल्पना पनि गर्दिन । तर अहिले म समाजको घोचपेचदेखि एकदमै टाढा छु । न मलाई कसैको वास्ता न अरूलाई मेरो । आफूले रोजेको र बाँचेको जीवनसँग म खुसी छु ।**

उहाँहरुको कुरा सुनेर यस्तो लागिरहेको थियो मानौं मैले कसैको हत्याजस्तो भयंकर ठूलो अपराध गरेको छु ।

त्यसपछि दुई दिनसम्म बुबा मसँग बोल्नुभएन । तेस्रो दिन उहाँले भन्नुभयो- एक विधवासँग तेरो विवाहका लागि प्रस्ताव आएको छ । ती महिलाको पाँच वर्षको छोरा छ र महिला राम्रो परिवारकी हुन् । महिलाका बुबालाई तिम्रो कर्तुतबारे थाहा छ तर पनि तँलाई उनको छोरी दिन तयार छन् । अब तँ ३१ वर्षको भइसकिस् यो प्रस्तावलाई तैंले स्वीकार गर्नुपर्छ । अहिले तेरो कमाइ पनि राम्रै छ । गृहस्थी जीवन छिटो सुरु गर, खुसी हुनेछस्, अब सधैं यो चालाले हुँदैन ।'

बुबाले यसरी विवाहको प्रस्ताव गर्दा मेरो मनमा भने अरु नै कोही बसिसकेको थियो । मैले मन पराएको युवती त्यही होटलमा काम गर्थिन्, जहाँ म यौनकर्मी भएर जाने गर्थें । उनी होटलमा हाउस किपिङ अर्थात् सरसफाइ लगायतका काम गर्थिन् । तर उनीमा एउटा कुरा थियो, उनी हाँस्दा साह्रै राम्रो देखिन्थिन् । सायद मलाई उनको त्यही हाँसोले तानेको थियो र मैले उनलाई मन पराएको थिएँ । मैले उनलाई मन पराए पनि उनी भने मेरा कृत्यबाट असन्तुष्ट थिइन् । उनलाई महिलाहरुसँग सहबास गर्ने मेरो बानी विल्कुलै मन परेको थिएन । होटलमा धाउने र विभिन्न महिलासँग शारीरिक सम्बन्ध राख्ने मेरो चालचलनका कारण मसँग बिहे गर्न उनले अस्वीकार गरिन् ।

मलाई अस्वीकार गरेर उनले अरु कसैसँग विवाह गरेपछि मलाई ठूलो पीडा भयो । म आफूलाई अपुरो अधुरो लाग्न थालेँ । त्यो अधुरोपना थियो, कसैको साथको, जसले मेरो भावनालाई बुझोस् र जीवनभरि साथ देओस् । वैवाहिक जीवनको कमी मलाई खट्किन थाल्यो । मेरो बिहे नभएको र मेरो चालचलनका कारण परिवारलाई पनि समाजमा रहन गाह्रो भइरहेको थियो । सबै अवस्सथा बुझेपछि अतः मैले घर छोडेँ । मेरो बिहेलाई लिएर प्रश्न ज्यूँका त्यूँ थियो । घरका सबैजना मेरै कारण निकै तनावमा थिए । यो मलाई राम्रैसँग थाहा थियो ।

समाज नै यस्तो छ । अरुलाई चोट पुग्ने प्रश्न सोधेर स्वाद मान्छन् । मेरो चालचलनबारे समाजले विभिन्न टिकाटिप्पणी गर्न छोडेन । मेरो व्यक्तिगत जीवनसँग समाजको यति बिघ्न चासो आश्चर्यजनक लाग्यो मलाई । बिहे गर्नु नगर्नु मेरो जीवनको नितान्त आन्तरिक मामिलाको विषय हो । तर यसमा समाजको दबाब आउनु मलाई राम्रो जस्तो लागेन । साथीभाइको लहैलहैमा लागेर म एक यौनकर्मी बनेँ । मेरा यौन हर्कतहरु होटलभित्र सीमित थिए । समाजका कुनै पनि युवतीसँग मेरो गलत सम्बन्ध थिएन । यद्यपि समाजले ममाथि औंला ठड्याइरह्यो । मेरो परिवारलाई नै हेयको दृष्टिले हेरिरह्यो । समाज यौन व्यवसायलाई रोक्ने सवालमा कुनै कदम उठाउन सक्दैन । यौन व्यवसाय वैधानिक मानिन्छ । यसलाई बन्द गराउने धृष्टता समाज कहाँ गर्न सक्छ ? समाज त्यो मात्र गर्न सक्छ यो व्यवसायमा संलग्न पुरुष र महिलालाई घृणा ।

यसपटक मैले सधैंलाई घर छाड्ने निर्णय गरेँ । नयाँ ठाउँ, नयाँ मानिसहरु तर मेरो पुरानै बानी । कहिले छिमेकमा बस्ने महिला त कहिले छिमेकी सहरका महिलासँग मैले मन बहलाएँ । म कहाँ जान्छु भन्ने थाहा पाएपछि कयौं पटक त मेरो हाकिम पनि मसँग गए । उनलाई ममाथि विश्वास थियो । आफ्नो गोपनीयता खुल्दैन भन्ने । त्यसैले उनी लुसुक्क मसँग जान्थे ।

म अहिले ३९ वर्षको भएँ । तर आफूलाई अहिले एक्लो महसुस गर्दिनँ । अब त मेरो परिवारले पनि सम्झौता गरिसक्यो । मभन्दा कान्छो भाइले एक आदिबासी महिलासँग विवाह गरेको छ । म भने स्वतन्त्र चराजस्तै भएको छु । जसरी चरा आकाशमा निर्भयका साथ उड्छ, म पनि आफ्नो यौनकर्ममा त्यसरी नै भयरहित लागिरहेकै छु । मैले अब बिहेको सपना त्यागिसकेँ । हुन त मान्छेहरु ६० वर्ष पुग्दा पनि बिहे गर्छन् । तर मलाई भने अब बिहेको कुनै रहर छैन ।

म अहिले जुन जीवन बाँचिरहेको छु, त्यसमा कुनै पश्चात्ताप छैन । मलाई यो जिन्दगी नै ठिक लागिरहेको छ । अहिले मेरो मासिक तलब ४० हजार भारु छ । न कुनै कुराको कमी छ न त मलाई कुनै ग्लानी नै छ । न कसैको दबाबमा वस्तु परेको छ । न कोही रिसाउला भन्ने पिर छ । न त कसैलाई फकाउनुपर्छ भन्ने टन्टा छ । मलाई समाजसँग घरसँग अब कुनै पर्वाह छैन । म के गर्छु सो समाजलाई थाहा छ, मेरो परिवारलाई थाहा छ । अब समाज र परिवारले पनि मेरो बारेमा कुनै सरोकार राख्दैन ।


परिवारले भनेको बेला बिहे भएको भए मेरो जिन्दगी कस्तो हुन्थ्यो मलाई थाहा छैन । त्यस विषयमा कल्पना पनि गर्दिन । तर अहिले म समाजको घोचपेचदेखि एकदमै टाढा छु । न मलाई कसैको वास्ता न अरुलाई मेरो । आफूले रोजेको र बाँचेको जीवनसँग म खुसी छु ।

**बीबीसीको सहयोगमा**

# रामपुर पौराणिक पर्यटकीय गन्तब्य

पर्यटन

visit nepal 2020 Lifetime Experiences



बुटवल, पोखरा र नारायणघाट शहरहरुका बीच भागमा काठमाडौं उपत्यका झैं लाग्ने रामपुर अवस्थित छ । भौगोलिक अवस्थिति हेर्दा काठमाडौं शहर जस्तै लाग्छ रामपुर उपत्यका । पाल्पा सदरमुकाम तानसेनदेखि करीव ६५ किलोमिटर पूर्व रामपुर उपत्यका पर्छ । रामपुर भएर देशकै गौरवको आयोजना कालीगण्डकी करिडोर सञ्चालन भइरहेको छ । उत्तरतर्फ सलल बग्दै गरेको कालीगण्डकी, समथर भू-भाग, डाँडाकाँडाको बीचमा पर्ने सुन्दर शहरको रुपमा यो उपत्यका अगाडि बढ्दैछ ।

रामपुर नगरपालिकाभित्र ऐतिहासिक, पर्यटकीय तथा धार्मिक तीर्थस्थल प्रशस्त छन् । यहाँ पोखराको फेवातालको झझल्को दिने तालपोखरा, रामघाट, राममन्दिर, सीताकुण्ड, टापूधाम, राम्चे वन, सिद्धबाबा मन्दिर, बाहुनडाँडा, खैरेनी सामुदायिक वन, रामकुवा, तातोपानी घाट जस्ता महत्वपूर्ण स्थलहरु छन् । यी क्षेत्रले पर्यटकलाई लोभ्याइरहेका छन् ।

**पौराणिक इतिहास**

त्रेतायुगमा भगवान् रामचन्द्र बनवास जाने क्रममा पाल्पाको रामपुरमा आएर बास बसेको र उनै भगवान्को नामबाट रामपुर रहन गएको किंवदन्ति छ । बनवासको क्रममा रामपुर नगरपालिका-५ स्थित कालीगण्डकीको रामघाटमा स्नान गरेको भन्ने कथन छ । त्यही भएर यस घाटलाई रामघाट भनिएको हो ।

रामघाट क्षेत्रमा रामगुफा, चमेरे लगायतका दर्जनौं गुफा छन् । यहीं तपस्या गरेर बसेका बखत रामचन्द्रकी धर्मपत्नी सीता रजस्वला भएपछि उनलाई लुकाउन साविक दर्छा गाविसको माथिल्लो भागमा लगियो । रजस्वला भएका बखत नुहाउन त्यहाँ पानी नभएपछि रामचन्द्रले रामघाटबाट बाण हानेर कुण्ड निर्माण गरेको किम्वदन्ति छ । सीताले त्यही कुण्डमा नुहाएको हुनाले सीताकुण्ड नाम रहन गएको हो ।

बूढापाकाका अनुसार यस कुण्डमा पहिले चामल फल्ने गरेको र स्नान गर्न आउने उपवास बसेकाले भोक लाग्दा चामल थुतेर खान थालेपछि धान फल्न थालेको हो । कुण्ड परिसरमा जीर्ण सीता मन्दिरको मर्मत, पर्खाल, ठाँटी निर्माण लगायतका काम बढाइएको छ । रामपुर बजारबाट कुण्डसम्म जाने सडकको स्तरोन्नति भएका कारण अहिले यो क्षेत्रमा अवलोकन भ्रमणका निम्ति विभिन्न स्थानबाट आउनेको चहलपहल बढ्दै गएको यस कुण्डलाई रामपुर नगरपालिकाले दश उत्कृष्ट पर्यटकीय क्षेत्रका रुपमा सूचीकृत गरेको छ ।

यहाँ जलदेवी, सीतामाई, भैरमकाली र सेती नाग रहेको छ । पहिले पहिले यहाँ पशुबलि दिने गरेकामा केही वर्ष यता भने पशुबलि अन्त्य गरी फलफूल र नरिवल चढाउने गरिन्छ । यहाँ रामनवमी, कृष्ण जन्माष्टमी, अक्षय तृतीयाका अवसरमा विशेष मेला लाग्छ । रामनवमीमा रामले नुहाएको कालीगण्डकीको रामघाटको जल ल्याई सीताकुण्डमा चढाउने प्रचलन छ ।

रामपुरको कला, संस्कृति र रहनसहनले यहाँ आउने प्रत्येकलाई लोभ्याउने गरेको छ । ब्राह्मण, नेवार, मगर, मुस्लिम लगायतका समुदायको रहनसहन अध्ययन गर्नेका लागि यो अनुपम स्थल रहेको छ ।

"नेपालकै एकमात्र शालिग्राम पाइने पवित्र कालीगण्डकी, विभिन्न समुदायका कला, संस्कृति, रहनसहन, प्राकृतिक सुन्दरताले भरिपूर्ण रामपुरमा अध्ययन अवलोकनका लागि विभिन्न स्थानबाट पर्यटक आउने क्रम बढिरहेको छ । त्यस्तै, कालीगण्डकीले टापू आकारमा घेरेको खैरेनी सामुदायिक वन यहाँको अर्को आकर्षण हो । यसको प्राकृतिक सुन्दरताले बालबालिका, युवायुवती या बूढापाका सबैको मनलाई लोभ्याइरहेको हुन्छ ।

पौराणिक कथन अनुसार मुक्तिनाथदेखि बगेर आएको कालीगण्डकी रामपुर नगरपालिकाको साबिक खालिवन गाविसको खैरेनी सामुदायिक वनबाट दक्षिणतर्फ बग्ने क्रममा त्यहाँ खैरी नाम गरेकी गाई ब्याएर बसेको थियो ।

गाईले बच्चा जन्माएर बसेपछि बग्दै आएको नदी सोही बाटो फर्केर उत्तरतर्फ बग्दै गएको भन्ने किम्बदन्ति छ । तानसेनबाट खालिवनको बाटो हुँदै रामपुर झर्ने जो कोही पनि खैरेनी वनका मनोरम दृश्य, चराचुरुङ्गीको चिरबिराहट सुन्दै फेदीमा झर्ने गर्दछन् । उत्तरबाहिनी कालीगण्डकीले खैरेनी सामुदायिक वनलाई घेरेको अनौठो दृश्य कवि वा गीतकारलाई मात्र नभई सबैलाई लोभ्याउने स्थानीयवासी बताउँछन् ।

अठार हेक्टर क्षेत्रफलमा फैलिएको वनमध्ये १२ हेक्टर क्षेत्रफललाई नदीले चारैतिरबाट टापू आकारमा घेरेको छ । नदीले घेरेको वनलाई सानो खैरेनी वन र नदीले नघेरेकोलाई ठूलो खैरेनी वन भनी नामकरण गरिएको छ । वनभित्र गौतम बुद्धको मूर्तिसहितको कुटी निर्माण गरिएको छ भने एउटा निर्माणाधीन पौवा छ । वर्षायाममा नदीले दक्षिणतिरको क्षेत्रबाट बगेर टापू आकारको खैरेनी वनलाई घेर्ने हुँदा त्यहाँसम्म पुग्न डुङ्गा सञ्चालन गर्न सकिए यस क्षेत्रमा दिनहुँ पर्यटक आउने सरोकारवाला बताउँछन् ।

कालीगण्डकी करिडोरबाट करीव आधा घण्टाको पैदल दूरीमा रहेको यो स्थानमा अत्यावश्यकीय पूर्वाधार विकास गर्न सकिए आम्दानीको स्रोत पनि बढाउन सकिन्छ । सरकारको १ सय पर्यटकीय गन्तव्य स्थलमा परेको तालपोखरा यहाँको अर्को पर्यटकीय आकर्षण हो ।

सामान्यतः वर्षाको पानी जम्मा हुने पोखरीलाई कृत्रिम तालका रुपमा विकास गरेसँगै यसले फेवातालको आभास दिन थालेको छ । तालपोखरामा डुङ्गामा सयर गर्ने र पार्कमा रमाउन आउने पर्यटक बढ्दै गइरहेको छ . छत्र शैली र गुम्बा शैलीमा जनकपुरको झझल्को दिने गरी राममन्दिर परिसरमा रामजानकी मन्दिर निर्माण भइरहेको छ । त्यस्तै, यहाँकै राम्चे वनको भ्युटावरबाट रामपुरको दृश्यावलोकन गर्न सकिन्छ । संस्कृति र प्रकृतिको बरदान यहाँका पर्यटकीय स्थल एवं कला संस्कृतिलाई संरक्षण गरी देशकै विशिष्ट पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने लक्ष्य राखिएको छ । बाहुनडाँडाबाट प्याराग्लाइडिङ् सञ्चालन गरी यस क्षेत्रलाई प्याराग्लाइडिङ हबका रुपमा विकास गर्ने लक्ष्य छ ।

प्रेरक

## मजदुरीको मूल्य

एकजना ठूला ठेकेदारसित हजारौं मजदुर काम गर्थे। एकपटक मजदुरले आफ्ना विभिन्न् माग राखेर हडताल सुरु गरेर काम रोके। हडताल महिनौंसम्म चलिरह्यो। हडतालको परिणामस्वरूप मजदुर भोकभोकै रहन थाले। त्यसैले, उनीहरू रोजीरोटीको व्यवस्थापनका लागि अन्य बस्तीतिर लागे। उनीहरू अर्को बस्तीतिर हिँडेपछि अन्य बस्तीका गरिब मजदुर त्यहाँ काम खोज्दै आइपुगे।

ठेकेदार पनि हरेक दिन यस्तै मजदुरको खोजीमा रहन्थे, जसले उनको काम पूरा गर्न सघाऊन्। एक दिन उनी चौबाटोमा बसेर मजदुरको आवागमनमाथि ध्यान दिइरहेका थिए। एक मजदुर काँधमा कोदाली राखेर आइरहेका थिए। ठेकेदारले उनलाई बोलाएर सोधे– तिमी कामको खोजीमा छौ जस्तो छ, के तिमी मसित काम गर्छौ ? अनि काम गर्छौ भने ज्याला कति लिन्छौ ? मजदुरले भने- कामकै खोजीमा छु हजुर म पनि। म दिनको १२ आना ज्याला लिन्छु। ठेकेदारले उनलाई इँटाभट्टाका लागि माटो खन्न् काम दिए।

केही समयपछि अर्को मजदुर आए। ठेकेदारले उनीसित पनि ज्याला सोधे। उनले आफूले तीन रुपैयाँ ज्याला लिने बताए। ठेकेदारले उनलाई कोइला खानीमा पठाइदिए। केही बेरपछि अर्का मजदुर आइपुगे। ठेकेदारले उनीसित पनि ज्याला सोधे। ती मजदुरले १० रुपैयाँभन्दा घटीमा काम गर्न नसक्ने बताए। ठेकेदारले उनलाई हीरा खानीमा काम गर्न पठाए।

साँझमा तीनै मजदुर आआफ्नो ज्याला लिन ठेकेदारकहाँ पुगे। पहिलो मजदुरले सय टोकरी माटो खनेका थिए। दोस्रो मजदुरले १० मन कोइला निकालेका थिए भने तेस्रो मजदुरले एउटा हीरा निकालेका थिए। ठेकेदारले तीनै मजदुरलाई पालैपालो कबुलअनुसारको ज्याला हातमा राखिदिए।

तेस्रो मजदुरको हातमा १० रुपैयाँ देखेपछि पहिलो मजदुर रिसाए। उनी रिसाएको देखेर ठेकेदारले भने- हेर भाइ, तिमीहरूको ज्याला मैले होइन, तिमीहरू आफैंले तय गरेका हौ। तिमीहरूले जेजति ज्याला माग्यौ, मैले कत्ति नघटाई दिएको छु। आखिर तिमीहरूमा जति इच्छाशक्ति थियो, तिमीहरूले काम पनि त्यति नै ग(यौ र ज्याला पनि त्यसैअनुरूप पाएका छौ। यसमा मलाई दोष दिनु बेकार हो। ठेकेदारको कुरा सुनेपछि पहिलो मजदुर चुप भए।

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीहरूसँग जुध्नुपर्नेछ । प्रतीक्षा गरिएको नतिजा अलि कमजोर देखिनेछ । तापनि मिहिनेतले परिस्थिति अनुकूल बनाउन सकिनेछ। प्रयत्न गर्दा टाढिएका सहयोगी समेत काममा फर्किनेछन् । अध्ययनमा प्रगति हुनेछ। विशेष सहुलियत, आरक्षण, छात्रवृत्ति आदिको सुविधा प्राप्त गर्न सकिनेछ। विज्ञको मार्गदर्शन पाइनेछ।

### बृष

मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ। अथवा, कमजोर विकल्प अँगाल्दा अवसर गुम्न सक्छ । सानो कमजोरीले बाधा पुर्याउनेछ । तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ । बेसुरमा दिएको वचनले समस्या निम्त्याउनेछ । विशेष योजना सार्वजनिक नगर्नुहोला । पछिका लागि जोहो गर्नुपर्ने समय छ। व्यापार लगायत आर्थिक काममा मन्दी आउन सक्छ।

### मिथुन

साहसी काम गरेर अरूको मन जित्न सकिनेछ । मिहिनेतले व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । प्रतिपक्षीहरू समेत सहयोगी बन्नेछन्। कामको उच्च मूल्यांकन हुनेछ भने लगनशीलताले विभिन्न अवसर दिलाउन सक्छ। रोकिएका काम बन्नुका साथै नयाँ काम सुरु हुनेछ । व्यापारमा प्रशस्त फाइदा हुनेछ । तारिफयोग्य कामले मानसम्मान दिलाउनेछ ।

### कर्कट

अरूको भरपर्दा प्रभावकारी काम नहुन सक्छ । वादविवादको समय रहेकाले विचारलाई तौलेर मात्र व्यक्त गर्नुहोला । आँट गर्न नसक्दा योजना कार्यान्वयन नहुन सक्छ । शुभचिन्तकहरूलाई बेवास्ता गर्दा दुस्ख पाइनेछ । कामको सन्दर्भमा मान्य व्यक्तिहरूसँग प्रतिस्पर्धा गर्नुपर्ला। तापनि, धेरैलाई आफ्नो पक्षमा लिन सकिनेछ, विवेकले काम लिने प्रयत्न गर्नुहोला।

### सिंह

आँटले काम लिन नसक्दा अरूले फाइदा उठाउन सक्छन्। पहिलेको योजना स्थगित हुनेछ भने नयाँ काममा तत्काल जुट्न नसकिएला। आत्मविश्वास कमजोर हुनेछ । अद्यावधिक सूचनाको अज्ञानताले पनि पछि परिएला। आगन्तुकले अलमल्याउन सक्छन् । थोरै आर्जनमा चित्त बुझाउनुपर्ने स्थिति देखिन्छ। तापनि मेहनत गर्दा छिट्टै लाभ उठाउन सकिनेछ।

### कन्या

खर्चिलो काम गर्नुपर्दा अर्थअभाव देखा पर्नेछ। परिश्रम परे पनि कम प्रतिफलमा चित्त बुझाउनुपर्ला । लाभ नहुने कामको जिम्मेवारी वहन गर्नुपर्ला । आफ्नो मेहनतबाट अरूले फाइदा उठाउनेछन्। आम्दानी भए पनि खर्च बढ्नाले समस्या पर्नेछ । प्रयत्न गर्दा सरसापट भने पाइनेछ । लामो यात्रा गर्ने अवसर जुट्नेछ भने पछि फाइदा हुने काम प्रारम्भ हुन सक्छ।

### तुला

प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ । पहिले रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्नेछ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ। व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । साझेदारीबाट पनि लाभ मिल्नेछ। पारिवारिक आवश्यकता पूर्ति होला। श्रमको उचित मूल्यांकन हुनेछ। धनको उपयोगबाट पनि फाइदै हुनेछ। दिगो लाभ हुने काम प्रारम्भ हुन सक्छ।

### वृश्चिक

अरूलाई प्रभावित पारेर काम बनाउने समय छ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । मिहिनेतले दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । प्रतिष्ठित काम गरेर धेरैको मन जित्न सकिनेछ। विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। कीर्तिमानी काम सम्पादन गर्ने समय छ।

### धनु

चुनौतीपूर्ण कामको दायित्व लिनाले धेरै परिश्रमपछि सामान्य सफलता मिल्नेछ । आँटेका काम पूरा नभए पनि आंशिक फाइदा भने हुनेछ। धर्ममा श्रद्धा र परोपकारमा मन जानेछ । सानातिना काममा अल्झनुपर्दा मुख्य काममा अवरोध हुन सक्छ। तापनि, मेहनतले नयाँ जिम्मेवारी दिलाउनेछ । उपलब्धिको स्रोत प्राप्त हुनुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ।

### मकर

आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन् । अरूका काममा धेरै समय खर्चनुपर्ला । काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति रहनेछ। बाध्यतामा अलमलिनुपर्दा मन खिन्न हुनेछ । नयाँ काममा हात हाल्न केही समय पर्खनुहोला। पहिलेको कामलाई भने निरन्तरता दिन सकिनेछ। स्वास्थ्यमा पनि अलि कमजोरी अनुभूति हुनेछ।

### कुम्भ

प्रियजनसँगको भेटघाटले दिन रमाइलो हुनेछ । नयाँ ज्ञान सिक्ने मौका छ । व्यापार-व्यवसायमा विशेष लाभ लिने समय छ। व्यावसायिक कामले यात्राको अवसर दिलाउन सक्छ। दाम्पत्य जीवन रमाइलो रहनेछ। आम्दानी प्रशस्तै बढ्नेछ । विभिन्न भौतिक साधन जुट्नेछन् । आतिथ्यपूर्ण सम्मान पाइनेछ । मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ।

### मीन

बल तथा बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ। प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्ति होला । प्रतिस्पर्धीहरूले हार खानेछन् भने ईर्ष्या गर्नेहरूलाई मेहनतको पाठ सिकाउन सकिनेछ। स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। आलस्य गर्ने बानीले पछि परिनेछ भने मेहनतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Quisling = शत्रुका समर्थक । धोकेवाज Quisling such as Mirjaffar helped found Company Government in India (मीरजाफर जस्तो धोकेबाजले भारतमा कंपनी सरकार स्थापना गर्न मध्दत गरे)

Refractory= नियन्त्रणमा लिन नसकिने A refractory horse should not let participate in race (नियन्त्रणमा लिन नसकिने घोडालाई दौडमा सामेल गर्नु हुंदैन )

Schism = फुट । मतान्तर Any schism widened might lead the organization towards collapse (फुट र मतान्तरले संगठनलाई विनाश तिर लैजान सक्तछ)

Tractable = नियन्त्रणमा लिन सकिने, सुधो She seems a tractable young women but in reality she is stubborn (हेर्दा सिधा जस्तो देखिएता पनि यर्थाथमा तिनी हठी स्वभाव की छिन)

Urbane = शहरिया, भलाद्मी His get-up looks like those of urbane but the manner does not ( उसको पहिरन शहरिया मान्छेको जस्तो देखिए पनि स्वभाव भने त्यस्तो छैन )

Vagabond = डुलुवा । कुनै उध्देश्य विनानै त्यसै डुल्ने He is a carefree vagabond ( ऊ एक निश्चिन्तरुपबाट जता मनलाग्यो त्यतै हिंड्ने खालको मान्छे हो )

Waive = अस्थायी रुपमा त्याग्नु वा छोड्नु । अडिग नरहनु As he did not waive his claim, we could not decide on the matter (उ आफ्नो माग अडिगनै रहेको हुंदा हामीले त्यस विषयमा कुनै निर्णय गर्न सकेनौ)

Yacht = हावाको झोक्काले कुद्ने हलुको डुंगा Every weekend he goes for yachting हरेक सप्ताहको अन्त ऊ नौका विहार गर्न जान्छ)

Zing = जिउंदोपन, शक्ति If you put lilttle more zing into your playing, you probably win the match (अलिकतिमात्रै बढि शक्ति लगायौ भने तिमीले म्याच जित्ने संभावना छ )

Adversity = गरिबी, दुर्भाग्य Everyone should face adversity with courage (दुर्भाग्यको सामना हरेकले धैर्यले गर्नुपर्दछ )

## Call बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Call the tune = स्थितिलाई नियन्त्रण गर्न सक्ने अवस्थामा हुनु Being a good leader his speech calls easily the tune of the mass असल नेता भएको कारण उस्को भाषणले भिडलाई सजिलै नियन्त्रणमा लिन सक्छ ।

Call a spade = सादा र सोझै भन्नु As he is honest and transparent in his dealing, he calls always a spade इमान्दार र पारदर्शि भएको कारण उ जे कुरा पनि सोझै भन्दिन्छ ।

Call somebody to account for = स्पष्टीकरण माग्नु His boss called him to account for the failure of the project परियोजना असफल भएकोमा उस्को हाकिमले उसंग स्पष्टीकरण माग्यो ।

Call something to order = शुरु भएको घोषणा गर्नु The speaker of the house called the session to order in time सभामुखले ठीक समयमानै बैठक शुरु भएको घोषणा गरे ।

Call somebody to order = शान्तरहन अनुरोध गर्नु Before starting the meeting, chairperson called the member to order बैठक शुरु गर्न अघि अध्यक्षले सबैलाई शान्त रहन अनुरोध गरे ।

Call somebody down = कसैलाइ नराम्ररी गाली गर्नु The teacher called him down for coming late ढिला आएकोमा शिक्षकले उस्लाई नराम्ररी गाली गर्‍यो ।

Call for something = माग गर्नु The strike has called for a increment in the salary हडतालले तलववृध्दि माग गरेको छ ।

Call something forth = भडकाउनु His speech always calls an angry response forth उस्को भाषणले मान्छे भडकाउने काम मात्रै गर्छ ।

Call something in = फिर्ता गर्न आग्रह गर्नु The library management called in all overdue books पुस्तकालय ब्यवस्थापनले सबैलाइ लगेको किताव फिर्ता गर्न आग्रह गर्‍यो ।

Call somebody off = कसैलाई रोक्नु The commander called the soldiers off the firing कमाण्डरले सिपाहीलाई गोली हान्नबाट रोक्यो ।

### सुडोकु-अंक १७९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | | | | | ३ | ७ | | २ |
| | | | | ४ | ६ | | | |
| | | | | | | | | ३ |
| | ७ | ५ | ६ | | | | ८ | |
| | | ८ | | १ | | २ | | |
| | २ | | | | ८ | ४ | ३ | |
| १ | | | | | | | | |
| | | | १ | ८ | | | | |
| ९ | | ६ | ५ | | | | | १ |

### अंक १७८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ५ | ४ | ३ | २ | १ | ६ | ९ | ८ |
| ९ | १ | २ | ६ | ७ | ८ | ४ | ५ | ३ |
| ८ | ३ | ६ | ४ | ९ | ५ | १ | २ | ७ |
| ३ | ७ | ५ | २ | ८ | ६ | ८ | १ | ४ |
| २ | ८ | ९ | ५ | १ | ४ | ७ | ३ | ६ |
| ६ | ४ | १ | ९ | ३ | ७ | २ | ८ | ५ |
| ५ | २ | ८ | ७ | ६ | ९ | ३ | ४ | १ |
| १ | ६ | ३ | ८ | ४ | २ | ५ | ७ | ९ |
| ४ | ९ | ७ | १ | ५ | ३ | ८ | ६ | २ |

## जलवायु परिवर्तन आजको गम्भीर चुनौती

- डा.श्रीभगवान् ठाकुर

जलवायु परिवर्तन विश्वव्यापी सबाल रहेको छ । नेपाल जस्ता अतिकम विकशित राष्ट्रहरूको लागि जलवायु परिवर्तन वातावरणीय एवं सामाजिक चुनौतिको रूपमा बढी देखापरेको छ । जलवायु परिवर्तनका असरहरू देशभर अनुभव गरिरहेको अवस्था छ । स्थानीय समुदायहरूले वर्षाको प्रकृतिमा परिवर्तन भइरहेको देखिरहेका छन् जस्तैः हिउंदमा वर्षा हुने क्रम घटेको छ ।

तापक्रममा पनि उतिकै फेर बदल आई हिउँ पर्ने ठाउँमा हिउँ नपर्ने, जाडो लाग्ने ठाउँमा गर्मी, हावाहुरीमा परिवर्तन, जीवजन्तु तथा वनस्पतिको व्यवहारमा फरक, आदि महशुस गरिरहेको अवस्था छ । वर्षा/गर्मीको समय झन गर्मी हुंदै गएको र हिउंदको समयमा कम चिसो, जाडो अवधि घट्ने तथा गर्मी बढेको, सुख्खा, हावाहुरी, शितलहरी महशुस गरिरहेको अवस्था छ भने पानीका श्रोतहरू सुकिरहेको भन्ने आम धारणा नै भईसकेको छ । बाढी, पहिरो, असिना, भू-क्षयको मात्रामा बृद्धि हुंदै गएको, बनमा हुने आगलागीको घटनामा बृद्धि, रोगव्याधिमा बृद्धि, जंगली जनावरहरूका प्रकोप, आदि जलवायु परिवर्तन भएको कारण मानिन्छ। यी सम्पूर्ण असरहरूले समग्रमा स्थानीयस्तरमा कृषि बाली तथा पशु उत्पादनमा नकारात्मक योगदान पुगेको देखिन्छ । यी नकरात्मक असरले मानव, पशुवस्तु, बाली नाली, बन जंगल, पारिस्थितिक प्रणाली, जैविकविविधता, उर्जा, स्वास्थ्य, खानेपानी, पूर्वाधार, आदि प्रत्येक क्षेत्र प्रभावित भएको छ । फलस्वरूप मानवको जीविकोपार्जन कठिन हुन पुगेको अवस्था छ । यस समस्यासँग जुध्न केही घरपरिवारहरू शहरतिर बसांई सराई गरेका छन् भने केहीले रोजगारीको लागि आफ्ना सदस्यलाई वैदेशिक रोजगारमा पठाएका पाइन्छ ।

साधारणतया मौसम र जलवायुको बुझाई समान किसिमको मानिन्छ । तर यसमा भिन्नता रहको छ । मौसम भनेको कुनै स्थानको वायुमण्डलको छोटो समयको अवस्था (वढीमा २ हप्ता) – तापक्रम, आर्द्धता, हावा, वर्षा, हावाको चाप, आदि बुझिन्छ । तर जलवायु भनेको मौसमको लामो समयको औषत अवस्था तथा प्रबृति (सामान्यतया ३० वर्ष) लाई बुझिन्छ । जलवायु परिवर्तन लामो अवधिको तापक्रम र वर्षामा भएको हेरफेरलाई बुझिन्छ, यो वैज्ञानीक पक्ष पनि हो । मौसम परिवर्तन भई रहन्छ तर जलवायु लामो समयसम्म स्थिर रहन्छ । लामो समयसम्म स्थिर हुनुपर्ने जलवायुमा अनपेक्षीत रूपमा हाल परिवर्तन आईरहेको छ । नेपालमा प्रति वर्ष ०.०५६ डि.से.ग्रे.ले तापक्रम बढि रहेको छ भने वर्षा ५ देखि १० प्रतिशतले बढिरहेको जलवायु तथा मौशम विज्ञान विभागको प्रतिवेदनले देखाउँछ ।

जलवायु परिवर्तनको मुख्य कारण वातावरणमा रहेका निश्चित हरितगृह ग्यांसहरू (कार्बनडाईअक्साइड, मिथेन, आदि) को मात्रामा भएको उल्लेख्य बृद्धिलाई मानिएको छ । यसले पृथ्वीको तापमानमा वृद्धि भएको छ । जलवायु परिवर्तन सूर्यको प्रकाश, पृथ्वीको कक्ष, भू-प्लेट मुभमेन्ट, ज्वालामूखी विस्फोट तथा हरितगृह ग्यासहरूको मात्रामा बृद्धिले गर्दा हुन्छ । कार्वन डाईअक्साइड (५६%), मिथेन (१८%), सल्फर हेक्जा क्लोराईड (१३%), ओजन (७%), नाईट्रस अक्साइड (६%), र पानीको वाफ हरितगृह ग्यांसहरू हुन ।

संसारमा प्रत्येक नागरीकले औशतमा वार्षिक ४,०८० कि.ग्रा. हरितगृह ग्यांस उत्सर्जन गर्दछ । गाईबाट मात्र प्रतिवर्ष ३,५०० कि.ग्रा, बाख्रावाट ३७० कि.ग्रा., प्रत्येक १०० घंटा कम्प्यूटर प्रयोगबाट ९ कि.ग्रा, प्रति वर्ष टेलीभिजनको प्रयोगबाट २३ कि.ग्रा., औशतमा एक वर्षमा अमेरीकन खानाबाट २,१९० कि.ग्रा., मांसाहारी खाना बाट १२२० कि.ग्रा. तथा साकाहारी भोजनबाट १९० कि.ग्रा.प्रति वर्ष हरितगृह ग्यांस उत्सर्जन हुन्छ ।

हरितगृह ग्यांस उत्सर्जनमा विकसित राष्ट्रहरू बढी जिम्मेवार भए तापनि असरको भागिदार भने विश्वका सबै राष्ट्रहरू हुन । तर अल्प विकसित तथा अति कम विकसित राष्ट्रहरू बढी प्रभावित भएका छन् ।

नेपाल जस्ता गरिब मूलुकहरू सीमित श्रोत र साधनको कारण जलवायु परिवर्तनको असरसंग सामना गर्न सक्ने क्षमतामा कमी हुंदा बढी पीडित भईरहेको अवस्था छ । यसैगरी नेपाल भित्र पनि गरिब तथा सिमान्तकृत समुदाय, विकट तथा तराईमधेशमा बढी जोखिम महशुस भएको छ। जलवायु परिवर्तनको मुख्य तत्व भनेको स्थानीयस्तरमा हुने अनिश्चितता नै हो । स्थानीय हावापानीमा हुने अनिश्चितताले गर्दा गरीव विपन्न समुदायहरूको दैनिक जीवन जोखिममा पर्दछन् ।

जलवायु परिवर्तनको जोखीमको कुरा गर्ने हो भने सन् २१०० सम्ममा पृथ्वीको औषत तापक्रम ६.४ डिग्री सेन्टीग्रेडले वढ्नेछ । तापक्रम २.५ डिग्री मात्रै वढ्दा पनि संसारका ३० प्रतिशत प्रजाती लोप हुने छन् । सन् २१०० सम्ममा समुद्री सतह ४३ से.मि.ले वढ्ने छ । २०५० सम्ममा आर्कटिकको हिउं समाप्त हुनेछ । हरेक वर्ष ६ मा १ देशले खद्यान्न संकट झेल्नुपर्नेछ । तीन देखि सात विलियन मानिसमा पानीको हाहांकार पर्नेछ भनी बैज्ञानिकहरूको आंकडा रहेको छ । त्यसैले, जलवायु परिवर्तनको असरसंग जुझ्ने प्रभावकारी उपाय भनेको समुदायस्तरमा उक्त असरहरूसंग सामना गर्न सक्ने अनुकूलन क्षमता (तत्कालीन र दीर्घकालीनरूप) मा बृद्धि गराउनु तथा त्यसका संकटासन्नता घटाउनु हो ।

जलवायु परिवर्तन सम्बन्धी महासन्धिको नेपाल पक्ष राष्ट्र भएको र जलवायु परिवर्तनका असर मानिस, पूर्वाधार, आर्थिक क्षेत्र तथा प्राकृतिक स्रोतमा बढ्दै गएकोले जलवायु परिवर्तन सम्बन्धी महासन्धिका संयुक्त राष्ट्रसंघीय खाका अनुसार नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा, २०६६), स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना (लापा, २०६८) तथा जलवायु परिर्वतन नीति (२०६७) बमोजिम जलवायु अनुकूलनका कार्यहरू कार्यान्वयनमा आएकाछन् । यसैगरी वि.सं. २०६९ सालदेखि जलवायु वित्तलाई जलवायु परिवर्तन बजेट कोडमार्फत स्थानीयस्तरकासम्म पुर्‍याइएको छ । नापाले तत्काल कार्यान्वयनमा ल्याउनु पर्ने अत्यावश्यक जलवायु अनुकूलनका कार्यहरू कार्यान्वयन गर्न सहयोग पुर्‍याएको छ। जलवायु परिवर्तनको असर ब्यापक वन्दै गएकोले मध्यकालीन र दीर्घकालीन अनुकूलन कार्यहरू कार्यान्वयन गर्नु पर्ने आवश्यकता पनि टड्कारोरूपमा देखिएको छ ।

सन् २०१० मा मेक्सिकोको क्यानकुनमा सम्पन्न महासन्धिको पक्ष राष्ट्रहरूको १६औं सम्मेलनबाट स्वीकृत क्यानकुन अनुकूलन संरचनामा विकासशील देशहरूले राष्ट्रिय अनुकूलन योजना (न्याप) तर्जुमा गरी मध्य र दीर्घकालीन अनुकूलनका कार्यहरू कार्यान्वयन गर्ने व्यवस्था रहेको छ। क्यानकुनमा हानी तथा नोक्सानी सम्बन्धी कार्यक्रम र अनुकूलन समितिको स्थापना गर्ने समेत निर्णय भयो। तत्पश्चात् सन् २०११ मा दक्षिण अफ्रिकाको डर्बानमा सम्पन्न पक्ष राष्ट्रहरूको १७औं सम्मेलनले राष्ट्रिय अनुकूलन योजना तर्जुमाका लागि प्रारम्भिक निर्देशिका निर्णय गर्‍यो र अति कम विकसित मुलुकहरूको लागि स्थापित विज्ञ समूहले सो प्रारम्भिक निर्देशिकाको आधारमा राष्ट्रिय अनुकूलन योजना तर्जुमा गर्नका लागि प्राविधिक निर्देशिका तयार गरी प्रकाशन गर्‍यो । नापा अति कम विकसित मुलुकहरूले मात्रै तयार गरी कार्यान्वयन गरे भने न्याप सवै विकासशील देशहरूले तर्जुमा गरी कार्यन्वयन गर्नेछन् । राष्ट्रिय अनुकूलन योजना तर्जुमाको मुख्यतया दुईवटा उद्देश्य रहेका छन् । (क) अनुकूलन क्षमता र समानुकूलित विकासको माध्यमबाट जलवायु संवेदनशील क्षेत्रमा जलवायु परिवर्तनले निम्त्याएको सङ्कटासन्नता न्यूनीकरण गर्ने, र (ख) विद्यमान तथा नयाँ सान्दर्भिक नीति, कार्यक्रम र गतिविधिहरू, विशेषतः विकास योजना निर्माणको प्रक्रिया र रणनीतिहरूमा उपयुक्तताको आधारमा सम्बन्धित क्षेत्र र तहहरूमा सुसंगत तरिकाबाट जलवायु अनुकूलनलाई समायोजन गर्ने रहको छ ।

नेपालको तर्फबाट उक्त महासन्धिको केन्द्रविन्दूको हैसियतमा कार्य गरिरहेको जनसङ्ख्या तथा वातावरण मन्त्रालय (हाल वन तथा वातावरण मन्त्रालय) ले वि.सं. २०७२ साल असोज १ गते एक कार्यक्रम बीच न्याप तर्जुमा प्रक्रिया शुरू भएको सार्वजनिक गरी ९ वटा विषयगत कार्य समूहहरू बनाई विभिन्न मन्त्रालयहरूसँग समन्वय गरी कार्य अगाडी बढाईएको थियो । सो राष्ट्रिय अनुकूलन योजना तर्जुमाको प्रक्रिया पुनः सुचारू रहेको छ । नेपालका जलवायू परिवर्तन महाशाखा खुलेको, जलवायू परिवर्तन सम्बन्धी बहुसरोकारबालाहरूको समन्वय समिति तथा जलवायू परिवर्तन परिषद् समेत रहेका छन्। जलवायू परिवर्तन नीति २०६७ परिमार्जन गरी जलवायू परिवर्तन नीति २०७६ समेत पारित भएको छ ।

जलवायु परिवर्तन तापक्रममा बृद्धि, बर्षामा परिवर्तन तथा हावाहुरीमा परिवर्तनले प्रकृति, मानव, पशुवस्तु तथा मानवका सरोकारका अनेक विषयमा विभिन्न किसिमका नकरात्मक असर परेको छ। पारिस्थितिय प्रणाली तथा जैविक बिबिधता देखि लिएर खाद्य उत्पादन तथा जल श्रोत, जनस्वास्थ्य तथा बसोबास, सामाजिक -आर्थिक बिकासमा नकरात्मक असर प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा परिरहेको छ। जलवायु परिवर्तनले देशको अर्थतन्त्र, जनसंख्या, प्रबिधि, सुशासन व्यवस्था साझै प्रभावित भएको छ। त्यसकारणले नेपाल जस्तो अति कम विकसित राष्ट्रले जलवायु अनुकुलन कार्यमा तदारूकता देखाउनु आवश्यक रहेको छ। साथ साथै अनुकुलनसंगै हरितगृह ग्यांस उत्सर्जन) न्यून हुने खालका प्रविधिमा जोड गर्नु पर्दछ ।

# शब्दचित्रमा प्रकाश शर्मा





1. **Personal**

Name : Prakash Sharma
Date of Birth: 28 January, 1978
Nationality: Nepali
Sex: Male
Marital status: Married with two children
Permanent Address: Lalitpur-14, Kusunti, Sabhyata Nagar, Nepal

2. **Summary**

- More than 15 years of combined experience in programme designing, formulating proposals and concept notes, developing implementing framework and managing different projects intervention in development sector mainly on women and children, community development, health and education, skills development and vocational education, entrepreneurship and small businesses, informal economy, youths and employment, training and capacity building.
- Considerable knowledge and expertise in Project Cycle Management, institutional development, drafting project proposals, concept notes and project reports for donors
- A sound knowledge and understanding on development policies, programmes and practices, global agenda for sustainable development, social policies, plan and programme.
- Significant working experience with the Government of Nepal, development partners, UN Agencies, National and International NGOs, Business Associations including academic, training and research institutes for policy issues, planning and designing, learning and capacity building.
- Computer skills in word, excel, power point and good commend over English language both written and spoken.
- Demonstrated positive attitude, good team player, highly accommodated, result oriented and preformed effectively in multicultural working environment.

3. **Academic Qualification**

Master in International Cooperation and Development (Master CD) University of Pavia / University Institute of Advanced Studies (IUSS) Pavia, Italy, 2010 University degree in Humanities and Social Science major with Sociology and Cultural studies Tribhuwan University, Kathmandu, Nepal in 2003.

4 . **Professional experiences during 2000-2019**

- **National Project Coordinatorin ILO Country Office, Kathmandu** with responsibility for project designing, planning and implementation on various issues ontourism promotion and enterprises development, women and children, community development, gender equality, health and education, skills development and vocational education, entrepreneurship and small businesses, informal economy, youths and employment, training and capacity building.

Worked for designing and formulating different projects and programmes, developed project concept notes, proposals, budgets, programme background and policy strategies. Monitoring progress of ILO programmes, projects and activities by reviewing, verifying and analyzing work-plans, progress reports, final reports and other data for clarity, consistency and completeness.

Provided technical guidance for capacity building, conducting policy dialogues, promoting industrial enterprise development act including labour law and social security law, sensitisation and awareness raising for employers organisation. Organised and delivered high-level policy dialogues, meetings, seminar workshop and training events.

**Internship engagement in European Union, Kathmandu, Nepal** contributing for implementation of larger projects such as Education Reform Programme, Conflict Mitigation and supporting Vulnerable Community programmes. Engaged for managing, monitoring and following up EC funded projects. Conducted research and documentation on project related activities, undertook field visits and report preparation.

**Academic advisor** to develop and conduct Master programme in International Cooperation and Development (MICD) in Kathmandu, Nepal in collaboration with University of Pavia, Italy and Mid-Western University of Nepal, planning, designing, curriculum development and provided overall technical assistance. Currency nominated a governing council member for Management School of Midwestern University (MUSOM) in Nepal with the role of project designing, partnership and international cooperation and networking. www.cooperationdevelopment.org

Supported **Child NGO Federation of Nepal (CNFN), Kathmandu** for planning and conducting different activities, events and training workshops, maintain coordination and networking, proposal and report writing. Coordinating with member NGOs and helping them to organise different events, programmes and discussion at local and national levels.

**Programme Coordinator inChild Development Society (CDS), Kathmandu,** overall responsible for projects on child labour, education, social mobilisation, income generation and skill development, gender equality and social inclusion funded by the Save the Children, ILO, UNICEF, GIZ and other private donors.

Led project planning, implementation, monitoring and evaluation, developed project proposal, concept notes other related documents including progress reports, mission reports and field reports for donor agencies.

**5. Int'l Courses** Summer School on Poverty and Human Rights organised by Comparative Research Programme on Poverty (CROP) www.crop.org in Bergen, Norway, August 2007 (EATS:7.5), Dissertation on Child Rights Situation in Nepal.

International Summer School in Food Security and Climate Change in Kathmandu, Nepal jointly organised by ISAS, University of Pavia, Italy and HICAST 26-30 June 2010.

International Training on Economic Reintegration of Children Associated with Armed Forced and Armed Groups jointly organized by UNICEF and ILO from 17-21 May 2010, Kathmandu, Nepal.

International Course in Transition to Formality and Decent Work by ILO International Training Centre of Turin during 21-25 April 2014 in Pokhara, Nepal.

International Training course on designing an integrated policy framework for formalizing informal economy by ILO International Training Centre of Turin during 20-24 June 2016.

**6.Trainings and Workshops**

Participated in several trainings workshops at national and international levels such as Project Cycle Management (PCM and Log frame), Proposal and Report Writing, 7 Habits of Highly Effective People, Micro Enterprises Development (MED), ChildLabour Monitoring System (CLMS), Strategies Planning and Management, Gender Sensitization on the world of the work, Project Monitoring and Evaluation, Training of Trainers (ToT), Media Networking and Mobilization, Participatory Rural Appraisal (PRA), Financial System and Auditing for development projects, Project Planning and Management, Fund Raising and Resource Mobilization, Communication and Team Building, Child Rights and Gender Equality, Evaluation Manager Certification Programme organized by ILO and other different agencies.

**7. Article Publication**

'Child Labour and Poverty Relation in Nepal' published in the book-
Finding Pathways; Social Inclusion in Rural Development, Books for Change, Bangalore, INDIA

**8. Language and Computer skills**

**English**: very good command over written and spoken
**Italian**: very basic
**Nepali**: Mother tongue
**Hindi**: Speak, read and write
**Computer Knowledge:** MS Word, Excel, Powe rPoint, e-mail, internet etc

**9. Countries Visited**

India, Bangladesh, Sri Lanka, China, Thailand, Cambodia, The Netherlands, France, Austria, Switzerland, Germany, Norway, Italy and USA .

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
happy to help
sales - service - support
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003

## श्रम...
मनोज पराजुली र कोषाध्यक्षमा गोरखापत्र दैनिकका सीता शर्मा रहेका छन् । यस्तै सदस्यहरुमा कारोबार दैनिकका गोपाल संग्रौला अनलाइन खबरका रविन्द्र घिमिरे, उज्यालो नेटवर्कका संजिता देवकोटा, द काठमाडौं पोस्टका चन्दनकुमार मण्डल, स्वतन्त्र पत्रकार रितु थेवे र उजिर कार्की रहेका छन् ।

## घट्दै...
साउदी अरबमा त्यहाँको सरकारले स्थानीय कामदारलाई बढी प्राथमिकता दिएको छ । यस्तै नाकाबन्दीका कारण कतारमा नयाँ रोजगारी सिर्जना हुन सकेको छैन ।

## एमसीसी...
भन्ने शर्त छ । नेपाल सरकारले जलविद्युत प्रसारण लाइनको केन्द्र चितवन बनाउन खोजिरहेका बेला काठमाडौंबाट पाल्पा कित लगिँदैछ भनेर सत्तारुढ नेकपा स्थायी कमिटी सदस्य देव गुरुङले प्रश्न गरेका छन् । एमसीसी परियोजनासम्बन्धी सम्झौताअनुसार काठमाडौं बूढीगण्डकी तनहुँ बुटवल हुँदै रुपन्देहीबाट गोरखपुर लैजाने भनिएको छ । त्यहाँ लगेर भारतको राष्ट्रिय प्रसारणमा जोड्ने उल्लेख छ । भारतसँग सम्झौता नभई उसको राष्ट्रिय प्रसारण लाइनमा जोड्न सकिँदैन । राष्ट्रिय प्रसारण लाइन काठमाडौंबाट भरतपुर नलगी पाल्पा घुमाउने गरी गरिएको सम्झौता रहस्यमय रहेको नेता गुरुङको भनाइ छ । अझै प्रसारण लाइन अमेरिकी कम्पनीलाई नै बनाउन दिनुपर्ने सम्झौता खारेज गरिनुपर्छ । जसले कम ठेक्का लिन निवेदन दिन्छ उसले नै बनाउन पाउनुपर्छ उनको भनाइ छ । नेपाल इन्डो प्यासिफिक रणनीतिमा सहभागी नहुने बताइरहेका बे्ला त्यही अन्तर्गतको एमसीसी स्वीकार्नु गलत छ उनले भने । नेपालको परराष्ट्र नीति विपरीतको कार्यक्रममा अघिल्लो सरकारले कसरी सम्झौता गऱ्यो ? असंलग्न सिद्धान्त भन्ने इन्डोप्यासिफिकमा जाने ? प्रश्न गर्दै उनले थपे- एमसीसीलाई स्वीकार्ने तर इन्डो प्यासिफिकलाई नस्वीकार्ने भन्ने हुँदैन ।

स्थायी समितिको बैठकमा अर्का नेता भीम रावलले अमेरिकी रक्षानीति अन्तर्गत अघि सारेको इन्डोप्यासिफिक रणनीतिमा नेपाल सहभागी भएको भनिरहेको छ । यही बेला एमसीसी पास गराउने कुरा आएको छ । यो विषयमा पार्टीभित्र छलफल हुनुपर्छ । नेता रावलले बुँदागत रुपमा व्याख्या गर्दै यसले नेपालको हित गर्छ कि गर्दैन भन्नेबारे सरकारमा रहेका जिम्मेवार व्यक्ति पार्टीका जिम्मेवार व्यक्तिहरु सचेत हुनुपर्ने बताए । स्थायी समिति सदस्य योगेश भट्टराईले 'एसिया प्रशान्त क्षेत्रमा आफ्नो सैन्य प्रभाव विस्तार गर्न अमेरिकाले सञ्चालन गरिरहेको इन्डोप्यासिफिक रणनीति अन्तर्गतकै एमसीसी परियोजनामा उल्लेख गरिएका बुँदाहरुलाई संशोधन गरेर मात्र अघि बढाउन जोड दिए ।

चीनले अघि सारेको बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई) र संयुक्त राज्य अमेरिकाले अघि सारेको अमेरिकी रक्षानीति इन्डोप्यासिफिक स्टाट्रेजीका कारण नेपाल चुनौतीका बीचमा छ । अमेरिकी सरकारले विश्वव्यापी रुपमा रहेको गरिबी निवारण तथा आर्थिक समृद्धिका लागि भन्दै एमसीसीको स्थापना सन् २००४ मा गरेको हो । नेपालमा यसलाई प्रवेश गराउनुको मुख्य उद्देश्य चीनले अगाडि सारेको 'बीआरआई' लाई अवरोध गर्नु हो । नेपाल तीन वर्ष अगाडि नै औपचारिक रुपमा बीआरआईमा संलग्न भइसकेको छ । विकासोन्मुख मुलुकमा पूर्वाधार विकास गर्दै साझा जितको उद्देश्य बोकेको बीआरआई पारदर्शी छ । बीआरआई कुनै मुलुक वा कसैको विकास रोक्न नभएर सबैसँग साझेदारी गर्दै मानव समुदायको भाग्य निर्माण गर्ने हो भनेर चीनले बारम्बार प्रस्ट्याएको छ । उच्च गुणस्तरीय दिगो हरित विकास, सांस्कृतिक संरक्षण शून्य भ्रष्टाचार, गैरहस्तक्षेप जस्ता विषय बीआरआईका आधार भूत मान्यता हुन् । यसले कुनै पनि राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप गर्दैन ।

बीआरआईमा नदिन दबाब दिने उद्देश्यले एमसीसी परियोजनामा नेपाललाई फसाएको छ । असंलग्न परराष्ट्र नीति विपरीत सरकार इन्डोप्यासिफिक रणनीतिमा सहभागी हुनुले मित्रराष्ट्र चीनलाई सशंकित बनाएको छ । अमेरिका नेपाललाई चीनविरुद्ध प्रयोग गर्ने कोसिस गरिरहेको छ । खम्पाहरुलाई तालिम दिने, सन् २००८ मा चीनमा ओलम्पिक सुरु हुनुभन्दा अगाडि सगरमाथाबाट कथित स्वतन्त्र तिब्बतको झन्डा फहराउन खोज्ने, मानव अधिकारका नाममा चीनविरुद्ध काठमाडौंमा गतिविधि गराउन तिब्बतबाट भागेका व्यक्तिलाई नेपाल र चीनको सिमानामै पुगेर अमेरिकी राहदानी सबै काम अमेरिकाले गरिरहेको छ । अहिले नेपाललाई चीनसँग सुपुर्दगी सन्धि गर्न नदिने पनि अमेरिका नै हो । अमेकिाले नेपालको भूमि प्रयोग गरेर चीनविरुद्ध क्रियाकलाप गरिरहेको छ । नेपालको नाम नै उच्चारण गर्न नजान्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नेपाललाई उच्च प्राथमिकता दिँदै इन्डोप्यासिफिक स्टाट्रेजीलाई नेपालमा सक्रिय बनाउनुको मुख्य उद्देश्य चीन घेर्ने रणनीतिबाहेक अरु केही हुन सक्दैन । बीआरआई परियोजनासम्बन्धी सम्झौतालाई थाँती राखेर एमसीसी परियोजना सम्झौतालाई संघीय संसदबाट पारित गराउने तयारीले ओली सरकारप्रति चीनको विश्वास उठ्दै गएको छ । भन्नलाई असंलग्न परराष्ट्र नीति भन्ने, एक चीन नीति भन्ने तर व्यवहारमा चीन घेर्ने अमेरिकी रणनीतिमा सामेल हुने ओली सरकार कूटनीतिक मामिलामा पूर्णतः असफल देखिएको छ र यो असफलता देशकै लागि महँगो पर्ने प्रबल सम्भावना छ ।

## सन् २०१९...
तीन देशमा बन्दी बनाइएका हुन् । सिरिया, यमन, इराक र युक्रेनसहित विश्वभर अहिले पनि ५७ नजना पत्रकार कारागारमै रहेका प्रतिवेदनमा उल्लेख छ ।

एएफपी

## निरन्तर...
बैठकले गरेको छ । नेकपा मालेले पार्टीलाई सबै जिल्लाका स्थानीय तहहरुमा पुऱ्याउने उद्देश्यले नयाँ ढाँचाअनुसार संगठन सुदृढीकरणको कार्ययोजना बनाउने भएको छ ।

## सीमा...
विषयमा सर्वोच्च अदालतमा दायर रिटमा सर्वोच्चलाई जवाफ पठाउँदै प्रधानमन्त्री केपी ओलीले सन् १८१६ को सुगौली सन्धिबमोजिम काली (महाकाली) नदीको पूर्वका लिम्पियाधुरा, कालापानी, लिपुलेकसहितका सबै भूभाग नेपालकै रहेको जिकिर लिएका छन् । नेपालको पश्चिमतर्फको सिमाना मूलतः सन् १८१६ को सुगौली सन्धिबमोजिमको निर्धारित सिमाना हो । उक्त सन्धिको धारा ५ बमोजिम काली (महाकाली) पूर्वका लिम्पियाधुरा, कालापानी, लिपुलेक लगायतका सबै भूभाग नेपालका हुन् प्रधानमन्त्रीले भनेका छन् । सन्धिको धारा ५ मा यी भूभाग नेपालकै रहेकाले सीमाका विषयमा सरकार सजग रहेको उनको भनाइ छ ।

'नेपाल र भारतबीच सीमासम्बन्धी विषय तथ्य र प्रमाणका आधारमा दुवै पक्षको आपसी सहमतिमा टुंग्याउनुपर्ने र एकपक्षीय ढंगबाट गरिने कुनै पनि निर्णय मान्य नहुने स्पष्ट धारणा छ भन्दै प्रधानमन्त्रीले सन्धिबमोजिमको सिमाना कायम र संरक्षण गर्न सरकार दृढ संकल्पित रहेको प्रतिबद्धता सर्वोच्च अदालतलाई जानकारी गराएका छन् ।

मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, सीमा सुरक्षा एवं राष्ट्रिय हितका आधारभूत विषय रहेको भनाइ प्रधानमन्त्रीको छ । लिम्पियाधुरा, लिपुलेक, कालापानी तथा नवलपरासीको सुस्ता भारतबाट अतिक्रमण भएको र फिर्ता लिन सरकारले चासो नदिएको भन्दै अधिवक्ता कञ्चनकृष्ण न्यौपानेले सर्वोच्चमा रिट दिएका थिए । सर्वोच्चले भारतले सीमा मिच्दा आफ्नो जमिनको रक्षा गर्न नसक्नुको लिखित कारण माग गरेको थियो । प्रधानमन्त्रीकै हस्ताक्षरमा सर्वोच्चमा पठाइएको लिखित जवाफमा सीमा रक्षाको विषय कूटनीतिक भएकाले कुनै आदेश जारी गर्नु नपर्ने दाबीसहित रिट खारेजीको माग गरिएको छ ।

प्रधानमन्त्रीले राष्ट्रिय अखण्डता र सम्प्रभूताका विषयमा जतिसुकै प्रतिबद्धता व्यक्त गरे पनि सीमा विवादका विषयमा भारतसँग सक्रिय कूटनीतिक पहल हुन नसक्नु विडम्बनापूर्ण छ । नेपाल मामिलासम्बन्धी जानकारी भारतीय पूर्व जनरल अशोक मेहताले भारतले नक्सा नसच्याउने बताएका छन् । पूर्व विदेशसचिव श्यामशरणले कालापानीको विषय उठाए भारतमा रहेका ८० लाख नेपालीको भविष्यको कुरा गर्दै चेतावनी दिएका छन् । उत्तराखण्डका मुख्यमन्त्री त्रिवेन्द्रसिंहले कालापानी भारतकै भूभाग रहेको दाबी गरेका छन् । भारतको विदेश मन्त्रालयले नेपालको भूमि नमिचेको जिकिर गरेको छ । भारतले तीनवटा भक्तपुर जिल्ला जति नेपालको जमिन कब्जा गरेको छ । सरकारले लिम्पियाधुरा समेटेर अझै नक्सा प्रकाशित गरेको छैन । मुखले राष्ट्रवादका कुरा गरेर जनतालाई ढाँट्ने तर व्यवहारमा कान ओछ्याउने सरकारको प्रवृत्ति सरकारकै लागि महँगो पर्ने निश्चित छ ।

यात्रा संस्मरण

# मथुरा वृन्दावन यात्रा-१९



खोमदत्त बराल

स्वास्थ्यको लागि हरियो तरकारी भने पनि तर महंगो छ । सबै थोक नै महंगो छ । पैसा भए ऐसा हुन्छ भने झैं छ । भुटेको मकैं झैं पैसा भुटिन्छ भन्छन् । तर यहाँ त भुटेको मकै पाइदैन तर पैसा भने मसतै संग भुटिदैछ । हुन त पैसा ले पैसा कै मात्र काम गर्छ बस्तु र सेवा को खरिद गर्छ । बैंकबाट बैंकमा ट्रान्फर पनि हुन्छ र ब्यक्तिमा पनि पुग्छ । तर यस धर्तिमा यस भूमण्डलमा आर्जन गरेको पैसा हामी भनेर जाँदा साथमा जाादो रहेनछ । राजा बिरेन्द्रले पनि लगेनन् । सायद बिरेन्द्रले लान्थे कि तिनको धेरै सम्पती त राज्यले नै लिइ दियो । हामी जस्ता सर्ब साधारण चाहिं सन्तानबाट पिण्ड सम्म पाउँने कुरा छ । यो भौतिकबादी जुगमा त पिण्ड पनि पाइदैन रे भन्छन् । पाए पनि दुधमा पकाएको मिठो खिर त पुग्दैन पुगे पनि बासना मात्र हो । त्यो पनि धुप धुवा र धुलोले पुग्न दिदैन होला । अनि लोजन लेयरमा प्वाल पारेकोले घामले नै सबै सुकाइ देला । कसरी पुग्ला र खाइ बासना पनि यसैले यस काल खण्डमा ऋण कृत्वा धृतं पिवेत भने झैं जे जति मोज गर्नु छ यहिँ मोज मस्ती गर्ने ऋण गरेर पनि खाएर मस्ति लुटाउँनु नै बेस होला भनेर दिल्ली आएर आराम दायि जीबन यापनको प्रयास जारी छ । वास्तबमा उमाजीको मुटुको केही समस्या छ र असोज देखि दबाइ खाइरहेकी छिन् ।

दबाइले कैले बाहिँ उच निच असर पार्छ नै । यसैले कैले दबाइ घटाउने ,बढाउने र चेन्ज गर्नै पनि गरिन्छ । यही कममा प्रदिप दाइ पाँच महिना जति दिल्लीमा औषधी गरेर काठमाण्डौंमा दुई महिना जति बसे पछि अनुगमनका लागि अस्पताल आउनु पर्दा हामीले पनि दिल्ली घुम्ने रहर गऱ्यौं । दिल्लीको रहरमा मुटुको स्वास्थ्य चेकअप पनि गराउनु पर्ने अबस्था त छदै थियो । पशुपति जात्रामा सिध्राका ब्यापार भन्थे हाम्रा नेपालीको पशुपतिमा त सिध्राको ब्यापार देखिएन दिल्लीको यात्रामा पैसाको खर्च चाहिँ राम्रै भएको छ ।

खर्चको किसिममा गंगालाल हृदय रोग अध्ययन प्रतिष्ठानमा डा. यादब भट्टले उनको मित्र डा. परबीर अग्रवाललाई इस्कर्ट अस्पतालमा फोन गरिदिएको थियो । उनी सँग भेटियो । कुराकानी भयो । अपरेसन गरिहाल्नु पर्ने कुनै पनि बेला हर्टयाटयाक हुन सक्छ त्यसैले अपरेसन गरिहाल्नु पर्छ भनेर उनैले डा. भट्टलाई हाम्रै अगाडी फोन गरे । बिरामी अपरेसन गर्न नमान्छ भनेको छैन उनलाइ भुक्तानी गरेर हिडियो । गंगाराममा डा.आर आर मंत्रीलाइ देखाए पछि अलि राहात भयो । उनले अपरेसन गरि हाल्नु पर्दैन दबायले नै निको हुन्छ भनेर पहिलाको दबाइ थट्टी थाप र परिबर्तन गरिदिए । हामीले पनि काठमाण्डौंमा पाइने मात्र दबाइ लेखि दिन अनुरोध गऱ्यौं । केही दिन दबाइ खाएर प्रगति पठाइ दिनु भनेको छ । देशदर्शनमा दुई दिन मथुरा, गोकुल, बृन्दाबन र आगरामा पनि पैसा लुटाउने काम प्रशस्त भयो । आइयो । एम्स अस्पतालमा लामो भएकाले देखाउँन सम्भाबना नभए पछि युधिष्टीरको राजधानी इन्द्रप्रस्थमा गएर डा. राज्युतबाट पनि सेवा खरिद गरियो । यसरी खर्च धेरै गर्दा भुटेको मकैलेत पुग्दैन भन्ने उखान छ । मकै त पैसामा रुपान्तरण भयो । पैसाले आफू कमजोर र कमि भएको इसारा गरे पछि थप बस्तु सेवा खरिद गर्न मनले पनि माग गरेन । भए पनि नभए पनि दिनै पर्छ भनेर नेपालका ट्रेड युनियन र मज्दुर संगठनको जस्तो अपरिपक्क माग राख्न उचित भएन । आउने सम्म मात्र इधका लाम्टा ताक्नु पर्छ दूध सकिए पछि अरु बढि चुस्न र तान्न लागे रगत नै आउन लाग्छ । त्यति बेला घातक हुन्छ । प्राणनतको सम्भावना जागरण हुन्छ । दिल्ली आएर यात्रा गर्ने मानिसले मेट्रोको यात्रालाइ बुझ्नु फाइदाजनक छ । मेट्रो स्टेसन गयो ।

सुरक्षा जाँच गराएर टोकन काउन्टरमा पुगेर टोकन लियो । स्टेसनको दूरिको आधारमा भाडा निर्धारण हुन्छ भनि रहनु नपर्ने बिषय हो । टोकन लिए पछि कुन लाइनबाट मेट्रो चल्छ भन्ने कुरा जान्नु पर्छ । टोकन लिए पछि तोकिएको यात्रा गर्न सम्बन्धित नम्बरमा पुग्नु पर्छ । टोकन लिए पछि अगाडी बढ्न टोकनले नै गेट खोल्नलाई दह्रो गरी तोकिएको ठाउँमा जोडले बजार्नु पर्छ । टोकन चाहिँ क्यारेम बोर्डको गोटि जस्तै हुन्छ । त्यही गोटिले गेटमा एउटा तोकिएको ठाउँमा ठोक्नु पर्छ अनि मात्र गेट खुल्छ र अघि बढ्न बाटो पाइन्छ । सम्बन्धित तोकिएको नम्बरमा मेट्रो आइ पुगेपछि आफसे ढोका खुल्छ । धेरै बेर बस्दैन धेरैमा यात्रु बाहिर निस्कन र भित्र पस्न सम्म भ्याउछ गेट देखि धेरै टाढा छ भने यात्रु मेट्रोमा बस्न भ्याउँदैन । सम्बन्धित आफु पुग्ने ठाउँमा पुगे पछि आफू बाहिर निस्कनु पर्दा उक्त किनिएको टोकन गेटै भो प्वालमा छिराइ दिए पछि मात्र गेट बार खुल्छ र बाहिर जान सकिन्छ । यो मेट्रो भनेको काठमाण्डौंमा चलाएको ट्रली बस जस्तै जस्तै नै हो । मेट्रोमा चाहिँ टिकट नकाटी चढ्न पाउने अबस्था छैन । यो भूइमा हिड्दैन उपरी गामी सेनु flyover bridge बाट मात्र गुढ्ने भएकाले यात्रुको र मेट्रो दुबैको सुरक्षा राम्रो छ । काठमाण्डौमा चलेको ट्रलिमा बिना पैसा चढ्न पाउने । बसको सिट च्याप्न पनि पाइने । अनि पैसा उठाउँने कण्डक्टरले पैसा घरमा नै लिएर जान पाउँने । फर्काइ रहन नपर्ने ट्रलीका सामान जसले भेट्यो उसैको निजी सम्पत्तिमा रुपान्तरण गर्न पाउँने । यी सबै गतिबिधिलाइ हेर्दा भने बाँदरका हातमा नरिबल भने झैं हुन्छ र मंत्री र हाकिम स्तरका मानिसलाइ बाँदर मानिएमा कुनै डर मानिरहन नपर्ने हुन्छ । कस्ता घातक र लोभि पापीले अगुवाइ गरेको मुलुक होला नेपाल । नेपालमाता आफ्नो मातृभूमी भनेर मात्र के गर्नु र नेपालमाताले धन्तुकारी मात्र छोरालाई जन्म दिएको रहेछ । जो शासक बने पनि बिध्वसं मात्र मच्चाएको देखिन्छ । मातृभूमी लुट्ने र लुटाहाले मात्र देशको शासक बन्न पाउँने यो कस्तो प्रणाली होला । सायद मेट्रोरेलका योजनाकारहरुले हाम्रो काठमाण्डौंको ट्रलिको कमजोरी बुझेका थिए होला । अनुसन्धानले त्यस्तो कमि कमजोरी थाहा पाइन्छ भन्छन् । कहिँ कतै त अनुसन्धान अध्ययन भएरै काम भएको होला । यस्तो प्रभाबकारी ब्यबस्थापनको परिणाम तयार गर्न सफल हुन कसरी सहयोग पुऱ्याउँने भन्ने पनि छ ।

नयाँ दिल्लीमा आएकै दिनमा ३९ डिग्री सेल्सीयस तापक्रम थियो । हालमा बढिरहेको छ । आज राती निकै पानी परेछ । हिजो इन्द्रप्रस्थ गरेको बेलामा पानी छिट्याएको थियो । दिन भरी त पानी परेन । आज राति भने पानी परेछ । तर ऐले दिनको गर्मी बढेको छ । ज्यानको पानी ढाडबाटै चुहिएर जान्छ । मूल पाइप सुख्खा छ । तीन बोतल पानी खाए पनि पिसाब भने आउँनलाइ गाह्रो हुन्छ आइ हाले पनि अलि कति पहेंलो । पानी खाएर पिसाब बनाउँने काम सम्भब कम छ । जाँही ताहींबाट चुइने प्वाल भएपछि मूल पाइप सुख्खा रहने नै भयो । ज्यानलाई गलाउँने काइदा ज्यानमा पानी कम हुँदा पनि गल्दो रहेछ ।

घरभित्र बस्दा बस्दै ज्यानबाट पानी बगिरहन्छ । ज्यानमा आलस्य तालस्य हुन्छ । पैसा भए पनि ज्यानलाई सञ्च र परिपंच नमिले पछि खासै आनन्द हुदो रहेनछ । आनन्द त भित्रै बाट प्रस्फुट हुनु पर्छ भन्छन् । ओछ्यान किन्न सकिने पौसाले निन्द्रा किनिदिन सक्दो रहेनछ । त्यसैले पैसामा ज्यान छोड्ने प्रबृत्ति राम्रो हुँदै होइन । मनमा शान्तिको स्थाई बासस्थानको ब्यबस्था राम्रो हो । यसका लागि रिस, राग,ईष्या जस्ता कुरालाई आफ्ना छेउमा आउन दिनु हुन्न । लोभले त भित्रै देखि सुकाउँछ । Please offers this seat to someone who needs it more than you do . आज पनि मेट्रो चढ्नु पऱ्यो । उमाजी र मिरा दिदी चाँदनी चोक सामान खरिदका लागि जानु पर्ने भयो । म बिचरो उमाजी र मीरा दिदी रिक्सामा बस्नु भयो म भने रिक्सामा पछाडि फर्केर बस्ने एउटा प्रबिधि बनेको रहेछ । त्यसैको पछाडी फर्केर रिठाला मेट्रो स्टेसन सम्म गइयो । छुट्टै रिक्सा लिएर बीस रुपैया थप भाडा लाग्ने भएकोले त्यसैले एउटै रिक्सामा चढेर धेरै पटक पैसा बचाउँने काम गरीयो । रिठाला बाट चादनी चोक सम्म प्रति ब्यक्ति भाडा अठारका दरले लिइयो । कास्मिरी गेट देखि अर्को प्लेटफर्म चांदनी चोक आउँछ । मेट्रोको समस्या चाहि कैले चौथो तलामा पुग्नु पर्ने र कैले भने भूइ तलामा झर्नु पर्ने । पाँच सात पटक मेट्रो चढेपछि भने कठिनले प्रकृया थाहा पाइयो । इलेक्ट्रोनिक सिडीको यात्रा खासै खतरा पूर्ण नभए पनि अप्ठेरो चाहि अबस्य हुन्छ । आज एउटा स्टेसन बाट उल्टो यात्रा गरि हालिएछ । पछि करेक्सा गरियो । मेट्रो यात्रा थाहा पाइसके पछि भने सजिलै र फाइदा जनक पनि हुन्छ । चादनी चोक टु चाइना भनेर सिनेमामा अजय देबग चिच्याउँथे । आज आफैले घुमिघुमि मार्केटिङ्ग गरियो । दिदीले केही लुगा फाटो साडी कुर्था खरिद गर्नु भयो । उमाजीले पनि केही खरिद गरिन् । मेरा नाममा पनि एउटा सुट खरिद गरिदिइन् । म अलि नयाँ लुगामा लोभिन्छु, आकर्षित हुन्छु । सुहाओस् कि नसुहाओस् । इलाममा हुँदा तीस एकतीस सालतिर एउटा कोट किनेको थिए । नरवीर भन्ने एउटा दमाइ थिए । राम्रो सिलाउँछन् भनेर साथिहरुले सिफारीस गरेका थिए । ढिलो गरेर सिलाइ त सक्यो । लगाइ हेरे । कतै काखिमा मिलेको छैन । बाउला पनि छोटो पारेछ । यो यो यसो यसो भयो । मिलेन भनेर भने । नरवीर जीले के भने थाहा छैन होला । उनले त मेरो शरीर नै नमिलेको बताए । अचम्म छ लुगा सिलाइ गर्नु अघि नै नाप लिइन्छ ।

बाहुला ईन्च यति काखिमा यति इन्च र लम्बाइ यति बाहुला यति तर दमाइजीले त जीउलाइ पो दोष लगाइ दिए । कुरा खत्तम । कोट लगाइ सक्नु भएन । यसै गरी हालमा किनेको सुट यसै गरी बिगारी दियो भने पिरको पिरै त हो । यति बेला शंका उब्जेको छ । लामै समय लगाएर खरिद भयो । पानीको स्वाद पनि चाख्न पाइएन । अरु थोक त सोच्न सम्म भ्याइएन । एक बज्दा बज्दै हिडिएको थियो । छ बजे मात्र फर्कन भ्याइयो । तर पेटले कान्ती बोल्न थालीसकेको थियो । तिर्खाले गर्दा सबै शरीरका नसाहरुमा रगत सुक्न थाल्यो कि जस्तो हुदै थियो । हिजोको पानीले पनि धरती चिसिनु को साटो अझ उखर्माउलो गर्मी बढेको छ । सामान किन्नमा भन्दा ट्याक्सी रिक्सा मेट्रो भन्दै खर्च बढ्ने गरेको छ । खरिदको काम त सकियो । चादनी चोकबाट कस्मिरी गेटमा आइयो ।

(क्रमशः)

## फौजदारी...
आजबाट सुरु भएको सम्मेलनमा अपराध अनुसन्धान र अभियोजनको विद्यमान अवस्थाको समीक्षा गरी सुधारका लागि साझा दृष्टिकोण विकास गरिने बताइएको छ । यसबाट पीडितलाई न्याय प्रदान गर्न सजिलो हुनेछ । सम्मेलनमा फौजदारी संहिता कानुन कार्यान्वयनको १ वर्ष ४ महिनाको समीक्षा गर्दै कानुन कार्यान्वयनमा आइपरेका अप्ठ्याराहरुको पहिचान गरी समाधानको उपाय निकालिने बताइएको छ । सम्मेलन अवधिभर १२ वटा विषयमा छलफल हुने जनाइएको छ ।

## व्यापाघाटा...
वर्षको सोही अवधिमा यस्तो आयात ३५.८ प्रतिशतले बढेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत तथा अन्य मुलुकबाट भएको आयात क्रमशः १०.९ प्रतिशत र ८.७ प्रतिशतले घटेको छ भने चीनबाट भएको आयात १२.८ प्रतिशतले बढेको छ ।

वस्तुगत आधारमा कच्चा पाम तेल अन्य मेसिनरी पार्टपुर्जा हट रोलसिट, विद्युतीय उपकरण, विद्युतीय सामान लगायतको आयात बढेको छ भने एमएस बिलेट, पेट्रोलियम, सुन, हवाईजहाज तथा पार्टपुर्जा सिमेन्ट लगायतको आयात घटेको छ ।

आव०७६।७७ को ४ महिनासम्ममा कुल वस्तु व्यापार घाटा ८.९ प्रतिशतले संकुचन भई ४१.४ अर्ब २ करोड रहेको छ । गत वर्षको सोही अवधिमा व्यापारघाटा ३७.८ प्रतिशत वृद्धि भएको थियो । समीक्षा अवधिमा निर्यात आयात अनुपात ८.१ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ६.१ प्रतिशत रहेको थियो ।

## मैले देखेको...
बन्ने प्रवृत्तिले दरबारको आदेशअनुसार सेनाका महत्वपूर्ण जग्गाको राम्रोसँग सदुपयोग गर्न सकेको पाइँदैन । निवर्तमान प्रधानसेनापति रुक्माङगद कटवालको कार्यकालमा महाँकालमा भेट्रान अस्पताल बन्ने राम्रो कार्यक्रम आएको थियो । तर तत्कालीन सरकारको असहयोगको कारणले अघि बढ्न सकेन ।

तर गणतन्त्र आएपछिका दिनहरूमा छोटो समयमा सरकारमा आएको पूर्वविद्रोही शक्तिले विगतका घटनाहरूलाइ बिर्सेर हामी सबै मिलेर शान्ति, अमनचयन कायम गर्दै देश विकासमा एक साथ अघि बढौं भन्ने प्रण गर्नुपर्नेमा विस्तृत शान्तिसम्झौता २०६३ को आचारसंहिताविरुद्ध सेनालाई उत्तेजनामा ल्याउने प्रयास गऱ्यो । उसले पूर्वाग्रही रूपमा सेनालाई बदनाम गराउने मात्र नभई संगठनलाई नै तहसनहस पारी फौजमा एकाधिकार जमाउने प्रयत्न गरेको देखियो । तत्कालीन प्रधानसेनापती रुक्माङगद कट्वालको साहसले त्यो कुत्सित प्रयास बिफल भयो । नेपाली सेनाको गौरवमय इतिहासलाई बचाउन उहाँ सफल हुनुभयो । उहाँले राष्ट्र र प्रजातन्त्रको रक्षा मात्र गर्नुभएन, देशलाई ठूलो दुर्घटनाबाट बचाएको सबैले महसुस गरेका छन् । सबै राजनीतिज्ञ, बुद्धिजीवी तथा सर्वसाधारणले पनि उहाँको प्रशंसा गरेको देखियो । त्यसको मूल्यांकन इतिहासले अवश्य गर्नेछ ।

सानोतिनो नातावाद, चाकडी, भ्रष्टाचार नगर्ने व्यक्तिहरू कुनै पनि संस्थामा पाउन गाह्रो हुन्छ । सेनामा पनि यस्तो प्रवृत्ति हुँदैन भन्न सकिन्न । तर कडा अनुशासनमा बाँधिएका सकलदर्जाहरूले प्रष्ट रूपमा विरोध गर्ने सम्भावना सेनामा रहँदैन । यसको नाजायज फाइदा भने केही कमाण्डरहरूले लिएको देखियो । तर बदलिएको समयअनुसार यसभित्रका कमी कमजोरीलाई समयानुकूल सुधार गर्दै लान सकिएमा संस्थाको विकासमा मद्दत पुग्नेछ ।

नेपाली सेनाको इतिहासमा केही कमाण्डरहरूको गल्तीलाई छोडेर हेर्ने हो भने यसको इतिहास सुनौलो अक्षरले लेखिएको छ । देशभित्र र बाहिर अन्तर्राष्ट्रिय क्षेत्रमा पनि नेपाली सेनाको छबि राम्रो छ । यसलाई अझ समयअनुसार परिवर्तन गरी देश र जनताप्रति अझ समर्पित भई नेपाली जनताको विश्वास सधैं जित्ने प्रयासमा लाग्नु आवश्यक छ । सेनालाई शान्ति सम्झौताका केही गलत बुँदाअनुसार लामो समयसम्म ब्यारेकमा राखेको पाइन्छ । यसले आफ्नो दैनिक कार्य, ब्यारेकभित्रको तालिम, विकास निर्माण तथा अन्य भैपरी कार्यमा मात्र सीमित राखी परिचालन भएको देखिन्छ । यसको अलावा ब्यारेक बाहिर गरिने तालिम, अभ्यास, फायरिङ गराउन नपाएको तथा शान्तिसुरक्षामा यसको परिचालन हुन सकेको थिएन । यसको जस र अपजसको भागिदारबाट सेना बाहिर रहे पनि लामो समयसम्म उसलाई शान्तिसुरक्षा कायम गर्ने जिम्मेवारबाट बाहिर राखियो । यसले अपराधिक गतिविधिमा संलग्न समुदायहरूले फाइदा उठाए । नयाँ नयाँ विद्रोही समूह खडा हुँदै समाजमा शान्तिसुरक्षा खलल पार्ने काम तिव्र रूपमा बढ्न गयो । २०६७ सालदेखि मात्र तालिम फायरिङ अभ्यासमा सेनाले विशेष जोड दिन पाए पनि हालसम्म सेनालाई शान्तिसुरक्षामा प्रयोग गरिएको छैन । सेनाका लागि अत्यावश्यक हतियार, गोलीगट्ठाको पनि पर्याप्त मात्रामा आपूर्ति गरिएको छैन ।

साधरणतया सेनाको संगठन, चेनअफ कमाण्ड, अनुशासन, कल्याणकारी कार्यहरू, प्रतिस्पर्धात्मक तालिमहरू, प्रमोसन, पोस्टिङका नियमहरू, रासनपानी अरु संस्थामा भन्दा धेरै राम्रो व्यवस्था छ । यसलाई अलिकति समसामयिक सुधार गर्न सकिएमा सुनमा सुगन्ध हुनेछ । सेनामा भएका र हुने गरेका राम्रा नराम्रा घटनाहरू र त्यसमा संलग्न कमाण्डरहरूको आआफ्नै जवाफदेहिता र जिम्मेवारी हुने गर्दछ । त्यही अनुसारको गल्ती गर्नेहरूलाई कारबाही पनि हुने गरेका हामीले देखेका छौं । तर बाहिर खुलारूपमा नआउँदा बाहिर जनमानसमा सेनाले गल्ती गरे पनि ढाकछोप गरी कारबाही नगरेको हो कि भन्ने भ्रम रहेको देखिन्छ । त्यसलाई हटाउन केही पारदर्शिता अपनाउनै पर्छ । कडा अनुशासनमा बाँधिएका सेनाका सकलदर्जाहरूले ब्यारेकभित्र वा बाहिर गल्ती गर्दा जनमानसले सोचेभन्दा कडा कारबाही गरेको हुन्छ तर त्यस्ता कुराहरू बाहिर प्रचारमा आउँदैन ।

अब लोकतन्त्रमा सबैले न्याय पाउने गरी कानुन बन्नुपर्छ । तर सेनामा लोकतन्त्र भनेर अनुशासनमा कम्प्रोपाइज गर्न सकिँदैन । आफ्नो अस्तित्व कालदेखि नै कसैको अधिनमा नरहेको र कुनै पनि देशको उपनिवेश स्वीकार नगरेको नेपाली सेना आज स्वदेशदेखि विदेशसम्म सबैको विश्वासपात्र बन्न सफल भएको छ । यसै विश्वासलाई अझ मजबुत बनाउन सक्नु नै सेनाका सबै कमाण्डरको कर्तव्य र जिम्मेवारी हुनेछ ।

*(लेखक पूर्व महासेनानी हुनुहुन्छ)*